का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ मंसिर २०८१,
सोमबार
18 November, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २६९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रवि बचाउन रास्वपाको गुहार !

- एक महिनादेखि सडक आन्दोलन
- अदालती प्रक्रियामा सहमत
- शीर्ष नेतासँग भेटघाट निरन्तर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न खोजेको एक साता हुन लाग्यो । रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाका अनुसार पार्टीले यही मंसिर ८ गतेदेखि हुने दोस्रो चरणको आन्दोलनको मागपत्र प्रधानमन्त्री ओलीलाई बुझाउन खोजेको छ । तर, प्रधानमन्त्री ओलीले रास्वपाका नेताहरूलाई भेटका लागि समय दिएका छैनन् ।

'प्रधानमन्त्रीसँग भेट्न ५ दिन प्रयास गर्‍यौं', झाले आइतबार पत्रकार सम्मेलनका क्रममा भने, '५ मिनेट मात्र समय दिनुस् भनेर ५ दिनदेखि अनुरोध गर्दा पनि बेवास्ता गर्नुभयो ।'

सभापति रवि लामिछाने पक्राउ परेसँगै आन्दोलनमा गएको रास्वपा १ महिनादेखि सडक आन्दोलनमै छ । लामिछाने यही कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए । कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका हुन् । लामिछानेविरुद्ध रुपन्देहीमा पनि उजुरी थियो । उजुरीका आधारमा बुटवलको सुप्रिम सहकारीको रकम संगठित रूपमा ठगी गरेको आरोप पक्राउ पुर्जी जारी भएको थियो । यसबीचमा प्रहरीले लामिछानेको रुपन्देहीमा लगेर पनि बयान लिएको छ ।

लामिछाने पक्राउको विरोधका पहिलो चरणको आन्दोलन चलिरहेका बेला पृष्ठ २ मा

सभापति रवि लामिछाने पक्राउ परेसँगै आन्दोलित रास्वपा एक महिनादेखि सडक आन्दोलनमै छ । अदालती प्रक्रियामा समेत सहभागी हुन तयार उनीहरु शीर्ष राजनीतिक भेटघाटमा पनि देखिन्छन्



"प्रधानमन्त्री केपी शर्मा ओलीसँग ५ मिनेट मात्र समय दिनुस् भनेर ५ दिनदेखि अनुरोध गर्दा पनि बेवास्ता गर्नुभयो ।"

**मनीष झा**
**कार्यबाहक प्रवक्ता, रास्वपा**

## रविविरुद्ध काठमाडौंबाट पनि पक्राउ पुर्जी जारी

रास्वपाका सभापति रवि लामिछानेविरूद्ध काठमाडौं जिल्ला अदालतबाट पनि पक्राउ पुर्जी जारी भएको छ ।

काठमाडौंको कालिमाटीमा रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोपमा रविसँगै नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको हो ।

आइतबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजालसले लामिछाने र जोशीविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो । प्रहरीका अनुसार स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको रकम पृष्ठ २ मा

महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कांग्रेसको चिह्नमा एमाले उम्मेदवार

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

नेपाली कांग्रेस र नेकपा एमाले नेपालका मुख्य प्रतिस्पर्धी दल हुन् । तर, स्थानीय तहको उपनिर्वाचनमा यी दुवै दलले कतिपय पदका लागि चुनावी तालमेल नै गरेका छन् ।

विभिन्न ४४ पदका लागि मंसिर १६ गते निर्वाचन हुँदै छ । त्यसमध्ये रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिकामा कांग्रेस र एमालेले तालमेल गरेका हुन् । गाउँपालिका उपाध्यक्षका लागि उनीहरू माओवादीविरुद्ध साझा उम्मेदवार उठाएका हुन् ।

संघीय सरकारमा सँगै रहेका नेपाली कांग्रेस र नेकपा एमालेले तेस्रो दल माओवादी केन्द्र प्रभावशाली रहेको क्षेत्रमा तालमेल गरेका हुन्

उम्मेदवारी दर्ताअघि २ दलले लिखित सहमति गरेका थिए, जसमा उपाध्यक्ष कांग्रेसको निर्वाचन चिह्नमा एमालेले उम्मेदवारी दिने उल्लेख थियो । सोहीअनुसार एमालेकी जिल्ला कमिटी उपसचिव केशकुमारी तुलाचनले उम्मेदवारी दर्ता गराएकी छन् । वडा- २ मा भने एमालेका जिल्ला सदस्य जीवन रोकाले उम्मेदवारी दिएका छन् ।

पुथाउत्तरगंगा माओवादी केन्द्र बलियो स्थितिमा छ, जहाँ माओवादीले ज्ञानीदेवी पुनलाई उम्मेदवार पृष्ठ २ मा

### ४४ पदका लागि ४१० जनाको उम्मेदवारी

निर्वाचन आयोगका अनुसार ४४ पदका लागि हुन लागेको निर्वाचनमा ४१० जनाको उम्मेदवारी परेको छ ।

आइतबार उपनिर्वाचन हुने जिल्लाहरूमा उत्साहपूर्ण रूपमा मनोनयन दर्ता भएको निर्वाचन आयोगले जनाएको छ । उपनिर्वाचनमा प्रमुख दलसहित स्वतन्त्र उम्मेदवारहरूले रिक्त स्तानीय तहको उपनिर्वाचनका लागि मनोनयन दर्ता गरेका हुन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लगायत स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन अधिकृतको कार्यालयमा गएर उम्मेदवार मनोनयन दर्ता गरेका हुन् ।

गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखमा रिक्त ८ पदका लागि पृष्ठ २ मा

आँखीझ्याल



'ज्ञान र योगका माध्यमबाट समाजमा आध्यात्मिक जागरण ल्याउन योगदान'
पृष्ठ २



कोप- २९ र पहिलो हप्ताका उपलब्धि
८

भारतद्वारा हाइपरसोनिक मिसाइल प्रक्षेपण
९



अनलाइनबाट ठगी गर्ने गिरोह सक्रिय
१२

## ठेकेदार राज्यमन्त्री, सडक अलपत्र

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ मंसिर

कर्णालीको राजधानी सुर्खेतका प्रमुख सडक निर्माण कार्यहरूमा ढिलाइ र अपूर्णता छ । यसका कारण स्थानीय नागरिक र सार्वजनिक निकायहरू निराश बनेका छन् ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा कर्णाली प्रदेश सरकारसँग सम्झौता गरेका निर्माण व्यवसायी तथा ऊर्जा, जलस्रोत र सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङको निर्माण कम्पनी कान्छाराम कन्स्ट्रक्सनले १५ वटा सडकका कामलाई अलपत्र पारेको छ ।

मन्त्री तामाङको निर्माण कम्पनी कान्छाराम कन्स्ट्रक्सनले यी सडकहरूको निर्माणका लागि १२ करोड ९४ लाख रुपैयाँमा कालोपत्रे गर्ने ठेक्का पाएको थियो । तीमध्ये एउटाको कालोपत्रे गर्ने काम गरेको छ । खजुरा भित्री मोडेल कलेजदेखि उत्तरपश्चिम ७३६ मिटरको उक्त सडकमा भने कालोपत्रे भएको छ । त्यसको रङ रोगन गर्ने काम बाँकी रहेको कर्णाली प्रदेश पूर्वाधार विकास निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजंग शाहीले बताए ।

मन्त्री तामाङले पाएका १५ वटा सडकका ठेक्कामध्ये ६ वटाको त काम नै सुरु भएको छैन । निर्माण कम्पनीले १७ भदौ २०७८ मा पहिलो पटक सम्झौता गरेको थियो । तर, ठेक्का सम्झौता गरेको लामो समय बितिसक्दा पनि ६ वटा सडकको कामै सुरु नहुनु दुखद् भएको निर्देशनालयका सूचना अधिकारी शाहीले जानकारी दिए ।

वीरेन्द्रनगर बजार क्षेत्रको सडक अपग्रेडिङको ठेक्का पाएका थिए । उनले हालसम्म पनि ठेक्का पाएको काम निर्माण नगरेका कारणले उनको कम्पनीले पाएको निर्माणको काम २० मंसिर २०८१ सम्म पहिलो म्याद थपसहित सकिन लागेको उनले जानकारी दिए ।

निर्माण कम्पनीलाई चेतावनी

तामाङसँग प्रदेश सरकारले ठेक्का लिएका सडकको सम्झौताअनुसार काम गर्न निर्देशन दिएको छ । भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास पृष्ठ २ मा

### अलपत्र परेका सडकहरू

तामाङको निर्माण कम्पनीले अलपत्र पारेका सडकहरूको स्थिति गम्भीर छ । वीरेन्द्रनगर नगरपालिकाका १५ वटा सडक परियोजनामा काम सुरु नगरेका र केहीका काम असामान्य ढंगले रोकिएका छन् । कम्पनीले ठेक्का लिएका सडकमा नाला र ग्राभेल राखिएको छ तर कालोपत्रे गर्ने कार्य पूरा भएको छैन ।

मन्त्री तामाङको निर्माण कम्पनीले सुर्खेतको वीरेन्द्रनगर डिभिजन वन कार्यालय अगाडिको १८१ मिटर सडक नाला र सब-बेसको काम मात्र गरेर अलपत्र पारेको छ । खारखोली-टेलिकम चोक २२५ मिटरको सडक अहिलेसम्म नाला र सब-बेसको काम भए पनि बेस राखेर कालोपत्रे गर्ने काम अहिलेसम्म सुरु भएको छैन । यस्तै, खारखोली हटलाइन ३३४ मिटरको सडक पनि अलपत्र अवस्थामा छ । पृष्ठ २ मा

## ओबिच्युअरी
# दमनको 'चुपचाप' प्रस्थान

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २ मंसिर


'नेपालको राजनीतिको चुरो जति बुझ्यो उति बुझ्न नसकिने हुँदै छ । संघ एवं प्रदेशमा स्थिर सरकार दुर्लभ भइरहेछन् । यो एक दुई पटकको कुरा नभएर दीर्घकालीन प्रवृत्तिको रूपमा देखिएको छ । शासकीय पूर्वाधार शून्य राष्ट्र हुने खतरा बढ्दै छ', गएको साउनमा पूर्वसभामुख दमननाथ ढुंगानाले बोलेका शब्द हुन् । उनको गहन र गम्भीर यी शब्दहरू अब सुन्न र पढ्न पाइने छैन ।

ढुंगानाको नश्वर शरीर अब यो धर्तीमा रहेन । उनले आइतबार ७८ वर्षको उमेरमा देह त्याग गरेका छन् । पछिल्लो समय अनेकौं स्वास्थ्य पृष्ठ २ मा

**ढुंगानाको योगदान स्मरणीय : राष्ट्रपति पौडेल**
राष्ट्रपति रामचन्द्र पौडेलले ढुंगानाको निधनले आफू मर्माहत भएको बताएका छन् ।
ढुंगानाले लोकतान्त्रिक आन्दोलनमा पुर्‍याएको योगदान सधैँ स्मरणीय हुने बताउँदै राष्ट्रपति पौडेलले ढुंगानाप्रति श्रद्धाञ्जलि दिएका छन् । नेपालको संवैधानिक र संसदीय इतिहासमा ढुंगानाको योगदान विशिष्ट खालको रहेको स्मरणसमेत राष्ट्रपतिले गरेका छन् ।

**ढुंगानाको योगदान सम्झिन लायक : प्रधानमन्त्री**
प्रधानमन्त्री केपी शर्मा ओलीले पनि ढुंगानाको निधनबाट दुखी बनाएको बताएका छन् । 'नेपालमा मानवअधिकार रक्षाको आन्दोलन र संसदीय अभ्यासको प्रवर्द्धनमा ढुंगानाको योगदान सम्झिन लायक छ', प्रधानमन्त्रीले भनेका छन् ।

**ढुंगानाको योगदान महत्त्वपूर्ण : देउवा**
कांग्रेसका सभापति शेरबहादुर देउवाले ढुंगानाको निधनमा दुख व्यक्त गरेका छन् । उनले भनेका छन्, 'ढुंगानाको निधनको खबरले स्तब्ध भएको छु । नेपालको लोकतन्त्र, मानवअधिकार र न्याय क्षेत्रमा उहाँको योगदान महत्त्वपूर्ण थियो ।'



**नेपालीले सदैव सम्झिरहने छन् : प्रचण्ड**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि ढुंगानाको निधनप्रति दुःख व्यक्त गरेका छन् । । 'नेपाल र नेपाली जनताले देशको राजनीतिक तथा सामाजिक परिवर्तनमा उनले पुर्‍याएको योगदानलाई सदैव सम्झिरहने छन्', उनले भनेका छन् ।

## वैदेशिक रोजगार विशेष

# एयरपोर्टमा भिजिट भिसाको सेटिङ रोक्न श्रम मन्त्रालयमा छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ मंसिर

गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच भिजिट भिसाको दुरुपयोग रोक्न प्रतिवेदन तयार गर्ने सहमति भएको छ । घुमफिरको संवैधानिक अधिकारमाथि हस्तक्षेप नगरी भिजिट भिसामा देखिएका खराबी अन्त्य गर्ने विषयमा दुवै मन्त्रालयले अध्ययन गर्ने बताइएको छ ।

आइतबार श्रममन्त्री शरतसिंह भण्डारीको संयोजकत्वमा अध्यागमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजाल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय प्रमुख तीर्थराज भट्टराईसहित श्रम मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार महाशाखा प्रमुखबीच छलफल भएको हो ।

छलफलपछि भिजिट भिसाको दुरुपयोग गरी वैदेशिक रोजगारीमा जाने विद्यमान प्रवृत्ति रोक्ने विषयमा १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय भएको श्रममन्त्री भण्डारीको निजी सचिवालयले जनाएको छ । सरकारले पटकपटक भिजिट भिसाको दुरुपयोग र चलखेल रोक्ने प्रतिबद्धता पृष्ठ २ मा

### रुसबाट ३४ जना नेपाली डिपोर्ट

काठमाडौं/मस- एक रुसी अदालतले इजाजतबिना काम गरेको आरोपमा करिब ३ दर्जन नेपाली विद्यार्थीलाई देश निकालाको आदेश दिएको छ । मस्कोको कुजमिन्किसमा रहेको एक जुवा खेलाउने कम्पनी वान एक्स बेटबाट पक्राउ परेका ३४ जना नेपाली वर्क पर्मिट नभई विद्यार्थी भिसामा रहेको पाइएपछि देश निकालामा परेका हुन् ।

उनीहरूलाई राजधानी मस्कोबाट ६० पृष्ठ २ मा

# ‘ज्ञान र योगका माध्यमबाट समाजमा आध्यात्मिक जागरण ल्याउन योगदान पुग्छ’

**भक्तपुर/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले ज्ञान र योगका माध्यमबाट व्यक्ति तथा समाजमा आध्यात्मिक जागरण ल्याउन योगदान पुग्ने बताएका छन् । भक्तपुरको चाँगुनारायण नगरपालिका-६ नगरकोटमा स्थापना भएको ब्रह्मकुमारी ज्ञान सरोवर एकेडेमी तथा रिट्रिट सेन्टरको आइतबार उद्घाटन गर्दै राष्ट्रपति पौडेलले ब्रह्मकुमारीले चलाएको आध्यात्मिक जागरणको अभियानले समाजमा प्रेम, सद्भाव र शान्ति स्थापना गरी सभ्य एवं सुसंस्कृत समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

राष्ट्रपति पौडेलले भने, ‘नेपाल पूर्वीय दर्शन, ज्ञान र परम्पराको स्रोत भएको देश हो । पूर्वीय सभ्यताभित्र अनेक संस्कृति र सभ्यताको एकता एवं ऐक्यबद्धता देख्न सकिन्छ । जसका कारण विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको भावना जागृत गराउने काममा मद्दत पुग्ने विश्वास छ ।’

मानिसभित्र आपसी मित्रता, प्रेम, सद्भाव र सहअस्तित्वको पवित्र विचार सिर्जना गर्न आवश्यक रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भौतिक विकाससँगै आध्यात्मिक चेतना, ज्ञान र जागरणको महशुस वर्तमान विश्वले गरिरहेको बताए । उनले भने, ‘आज मानिस भौतिक विकासभित्र सुख र शान्तिका लागि भौंतारीरहनुको कारण पनि यहि हो । विश्वमा चरम भौतिक



विकासको चाहना र होडवाजी बढ्दै गएका कारण समाजमा शान्ति, सुव्यवस्था, आपसी सद्भाव र सहयोगको भावना खस्कदै गएको छ ।’

राष्ट्रपति पौडेलले नेपालमा करिब ६ दशकदेखि र विश्वमा ८७ वर्षदेखि शान्ति, सद्भाव र भाइचाराको उत्थानमा लागेको ब्रह्मकुमारी नेपालले मानवमात्रको चरित्र तथा कर्म उत्थान गर्ने पवित्र अभिप्रायले निर्माण गरेको सो ज्ञानसरोवर एकेडेमी तथा रिट्रिट सेन्टरबाट सुखी र शान्त समाजको स्थापनामा सहयोग पुग्ने बताए । सो अवसरमा उनले भवन उद्घाटनसँगै शिलालेखसमेत अनावरण गरे ।

कार्यक्रममा उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहले मनलाई शान्ति र आनन्द बनाउन आवश्यक रहेको उल्लेख गर्दै मानिसको चञ्चल मनलाई संयमित बनाउन योग तथा ध्यान आवश्यक रहेको बताए । विश्व प्रतिस्पर्धात्मक होडबाजीमा लागिरहेको बेलामा शान्तिको सन्देश लिएर विश्वभर यस्ता अभियान सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो । पिता गणेशमान र आमा मंगलादेवीका कारण आफू पनि ओम शान्तिमा जोडिने अवसर पाएको उपप्रधानमन्त्री सिंहले बताए ।

ब्रह्मकुमारी राजयोग सेवाकेन्द्र नेपालका निर्देशक राजयोगिनी राजदादीजीले विश्वव्यापिरुपमा शान्ति, विश्वबन्धुत्व र एकताको सन्देश प्रवाह गरी एक सुखी र समृद्ध समाजको निर्माणमा केन्द्रले अभूतपूर्व भूमिका निर्वाह गरिरहेको बताए ।

केन्द्रका वरिष्ठ राजयोगी ब्रह्मकुमार तिलकबहादुर शाहीले १७ रोपनी जमिनमा दुई भवन, तपस्या धाम, शिव लिंग, चार धाम, शान्ति स्तम्भलगायतका संरचनासहित एक सय जनालाई आवासीय सेवा दिन सक्ने गरी एकेडेमीको उद्घाटन गरिएको बताए । उनले डा. नयनतारा उप्रेती परिवारले विद्यालय सञ्चालन गर्न जग्गासहित निर्माण गरेको भवन बह्म्रकुमारीमा साधक भएपछि यसतर्फ आकर्षित भएर एकेडेमी सञ्चालन गर्न करोडौं रुपैयाँको सम्पत्ति संस्थालाई दान दिएको जानकारी दिए । उनले यस क्षेत्रलाई ज्ञान एकेडेमी र मिनि बृन्दावनका रुपमा सञ्चालन गरिने बताए ।

विष्णु ब्रह्मकुमारी ज्ञान सरोवर एकेडेमीले आयोजना गरेको कार्यक्रममा संस्थाको अन्तर्राष्ट्रिय मुख्यालयबाट आएका भारतको राजस्थान मण्डपआबुका कार्यकारी सचिव राजयोगी डा ब्रह्मकुमार मृत्युञ्जयले नेपाल शान्तिदूत गौतम बुद्धको जन्मस्थल, माता सीता एवम् देव भूमि, ऋषि भूमि भएकाले यहाँबाट शान्ति एवं प्रेमको तरंग संसारभर फैलिरहेको बताए ।

## रवि...

रास्वपाका नेताहरूले प्रधानमन्त्री ओलीलाई भेटेका थिए । पार्टी उपसभापति डोलप्रसाद अर्याल र प्रमुख सचेतक सन्तोष परियारले कात्तिक दोस्रो साता प्रधानमन्त्री ओलीलाई भेटेका थिए । आन्दोलन गरिरहेका नेताहरू प्रधानमन्त्रीलाई भेट्न गएको भनेर आलोचना भएपछि अर्याल र परियार दुवैले आन्दोलनका कार्यक्रमबारे जानकारी गराउन गएको प्रष्टीकरण दिएका थिए ।

यस पटक रास्पवाले दोस्रो चरणको आन्दोलनको कार्यक्रम तय गरेर त्यसबारे जानकारी गराउने भनेर औपचारिक रूपमै भेट्न चाहेको छ । तर, रास्वपाका नेताहरूसँगको आग्रहलाई प्रधानमन्त्री ओलीले स्वीकार गरिरहेका छैनन् ।

कतिपय नेताहरू रास्वपाले प्रधानमन्त्रीलाई भेट्न खोज्नुको कारण सभापति लामिछानेको बचाउका लागि आग्रह गर्नुसमेत रहेको हुन सक्ने बताउँछन् किनभने लामिछानेको बचाउका लागि रास्वपाका नेताहरू एकभन्दा बढी उपाय खोजिरहेका छन् ।

सभापति लामिछाने पक्राउ परेसँगै आन्दोलनमा गएको रास्वपा १ महिनादेखि सडक आन्दोलनमै छ । सडकबाट दबाब दिने नीतिसँगै रास्वपाका नेताहरू अदालती प्रक्रियामा समेत सहभागी हुन तयार छन् । लामिछानेविरुद्धको मुद्दा छिटो अदालत लगिदिन उनीहरूको आग्रह छ । सडक आन्दोलन र अदालतबाट सभापतिलाई बचाउन लागि परेका रास्वपाका नेताहरू शीर्ष राजनीतिक भेटघाटमा पनि देखिन्छन् ।

गत कात्तिक दोस्रो साता उपसभापति अर्याल र प्रमुख सचेतक परियारले गरेको भेटबारे प्रश्न उठे तापनि रास्वपा नेताहरू फेरि प्रधानमन्त्री ओली भेट्न खोजिरहेका छन् । नेताहरूका अनुसार सार्वजनिक रूपमा हुन सक्ने वा हुने आलोचनालाई वास्ता नगरी रास्वपाका नेताहरू सभापति लामिछानेको बचाउका लागि सबै खाले उपाय अपनाउन तयार देखिन्छन् ।

## रविविरुद्ध...

अपचलन भएको भनेर ६४५ जनाले जाहेरी दिएका छन् । उक्त सहकारीका अध्यक्ष जी. बी. राई थिए । उक्त सहकारीमा २ अर्ब ७४ करोड रुपैयाँ अपचलन भएको पीडितहरूको दाबी छ ।

## कांग्रेसको...

बनाएको छ । २०७९ सालको निर्वाचनमा माओवादी केन्द्रकी भूपेन्द्र बुढा विजयी भएकी थिइन् । माओवादीबाट निर्वाचित गाउँपालिका उपाध्यक्ष बुढाको गत असोजमा बागलुङमा भएको सवारी दुर्घटनामा मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको हो ।

यसैगरी, उपनिर्वाचनबाट ओखलढुंगा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख पनि चयन गरिनेछ, जसमा एमालेसँग गठबन्धन गरेर कांग्रेसले दुवै ठाउँको अध्यक्ष सुरक्षित गरिसकेको छ ।

यसअनुसार ओखलढुंगाको जिल्ला समन्वय समिति प्रमुखमा नेपाली कांग्रेसका टेकराज भट्टराई निर्विरोध निर्वाचित भएका छन् । कांग्रेसका भट्टराईको मात्र उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ ।

२०७९ सालको निर्वाचनपछि विभिन्न कारणले रिक्त जिल्ला समन्वय समितिका प्रमुख २, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष २, नगरपालिका प्रमुख र उपप्रमुख १/१ र वडाध्यक्ष ३४ गरी ४४ रिक्त पदमा उपनिर्वाचन हुँदै छ ।

आयोगका अनुसार कैलाली जिल्ला समन्वय समितिको प्रमुखमा २ जना महिला र ओखलढुंगा जिल्ला समन्वय समितिको प्रमुखमा १ पुरुष उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

काठमाडौंको कीर्तिपुरमा भने मुख्य दलहरू एक्लाएक्लै चुनाव लड्दै छन् । नेपाली कांग्रेसका कृष्णमान डंगोल, नेकपा एमालेका डा. सुरेन्द्र मानन्धर र माओवादी केन्द्रका प्रा.डा. शिवशरण महर्जन चुनावी प्रतिस्पर्धामा छन् ।

अभियन्तासमेत रहेका स्वतन्त्र उम्मेदवार राजमान महर्जन ‘मानव’ले पनि कीर्तिपुरको प्रमुखमा उम्मेदवारी दर्ता गराएका छन् ।

मानवको राम्रो माहोल भएका कारण कीर्तिपुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उम्मेदवारी दिएको छैन । रास्वपाले मानवलाई नै समर्थन गर्ने अड्कल लगाइएको छ ।

मनोनयन भएका क्षेत्रमा उपनिर्वाचनको माहोल उमंगमय बनेको छ । मनोनयन दर्ता गरेसँगै उम्मेदवारहरू मत माग्न पनि थालेका छन् । जनताले यसलाई नयाँ नेतृत्व छनोटको अवसरका रूपमा पनि हेरिरहेका छन् ।

कतिपय क्षेत्रमा मतदाताले नयाँ दलको उम्मेदवारप्रति आशा देखाए पनि रास्वपाले स्थिति आफ्नो पक्षमा नजाने आँकलनसहित कतिपय स्थानमा मनोनयन दर्ता गरेनन् ।

काठमाडौंको कीर्तिपुरलगायत केही स्थानमा रास्वपाले भने उम्मेदवारी नै दिएन ।

## ४४ पदका...

३५ महिला, ४८ पुरुष र १ अन्य गरी जम्मा ८४ जना उम्मेदवारको मनोनयन दर्ता भएको छ । गाउँपालिका र नगरपालिकाका वडा अध्यक्षको रिक्त ३४ पदमा २९ महिला, २ ९३ पुरूष र १ अन्य गरी जम्मा ३२३ जनाको उम्मेदवारी दर्ता भएको छ । धनुषाको धनुषाधाम नगरपालिका- १ को वडा अध्यक्ष पदमा सबैभन्दा धेरै उम्मेदवारी परेको छ । त्यहाँ अध्यक्ष पदमा २१ जनाले उम्मेदवारी दिएका छन् । सबैभन्दा कम रुकुम (पूर्वी भाग)को पुथा उत्तरगंगा गाउँपालिका- २ को वडा अध्यक्ष पद र बझाङको सुर्मा गाउँपालिका- ४ को वडा अध्यक्ष पदमा ३/३ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । उम्मेदवारको विरोधमा सोमबार बिहान १० देखि दिउँसो ३ बजेसम्म उजुरी दिन सकिने कार्यसूची छ । मंसिर ५ गते उम्मेदवारी फिर्ता लिने समय तोकिएको छ । त्यही दिन अपराह्न उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिनेछ ।

## ठेकेदार...

निर्देशनालयले वीरेन्द्रनगरको गुरुयोजनाका सडक समयसीमामा नै काम सक्न निर्देशन दिएको हो ।

बिहीबार सूचना प्रकाशन गरेर निर्देशनालयले ठेक्कासँग सम्बन्धित निर्माण कम्पनीले सम्झौताअनुसारको निर्माण कार्य सम्पन्न नगरी सम्पर्कविहीन रहेको र लामो समयदेखि निर्माणस्थलमा कुनै पनि निर्माण कार्य गरिरहेको नपाइएको सन्दर्भमा निर्देशनालयद्वारा विभिन्न मितिमा म्यादभित्र कार्य सम्पन्न गर्न पटकपटक मौखिक तथा लिखित रूपमा जानकारी गराउँदासमेत कार्य सम्पन्न गर्न अटेरी गरेको विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सम्झौताअनुसारको कार्य सम्पन्न गर्न निर्माण कम्पनीले आफैँले पेस गरेको कार्यतालिकाअनुसारको प्रगति हासिल नगरेको, निर्माण कार्य अलपत्र पारी चरम लापरवाही गरेको र कार्य सम्पन्न गर्न आवश्यक अग्रसरता र चासो नदेखाएको हुँदा सम्बन्धित निर्माण कम्पनीलाई तुरुन्त कार्य सुरु गरी म्यादभित्र कार्य सम्पन्न गर्न पटकपटक सूचना जारी गरेको पूर्वाधार विकास निर्देशनालयका सूचना अधिकारी शाहीले बताए ।

‘यसभन्दा पहिला पनि अन्य ठाउँमा यो निर्माण कम्पनी कालोसूचीका परेको छ’, उनले भने, ‘अब उहाँ नेपाल सरकारको खरिद सम्झौताअनुसार काम गर्न आउनुहोला जस्तो मलाई लाग्दैन ।’ यो सूचनालाई बेवास्ता गरी कार्य सम्पन्न नगरेको अवस्थामा ठेक्का सम्झौताका शर्तहरू र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइएको छ ।

निर्माण कम्पनीलाई यदि काम पूरा गर्न मितिअनुसार असफल भएमा नेपाल सरकारको सार्वजनिक खरिद नियमावलीअनुसार शून्य दशमलव ५ प्रतिशतजति जरिमाना तिर्नुपर्ने छ । यसबारे बुझ्न कम्पनीका प्रतिनिधिहरूसँग सम्पर्क गर्ने प्रयास गर्दा उनीहरूले कुनै जवाफ दिन चाहेका छैनन् ।

## अलपत्र..

इत्राम खोलादेखि जिल्ला प्रहरी कार्यालय अगाडिको ४०० मिटरको सडकको दायाँतर्फ २०७ मिटर र बायाँतर्फ २ ९७ मिटर नालाको काम भएको छ । यस्तै, १५० मिटर जति सब-बेसको काम भएको छ भने बेस राखेर कालोपत्रे गर्न पूरै बाँकी छ । जिल्ला अदालत-मुख्यमन्त्री कार्यालय-अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय अगाडिको ६३५ मिटर सडकको अहिलेसम्म नाला, २०० मिटर बेस राख्ने काम भएको छ भने ३५० मिटर ग्राभेल गरेर छाडिएको छ ।

प्रदेश प्रहरी कार्यालयदेखि खारखोली १११ मिटरको सडकमा नाला र सब-बेस निर्माणपछि अलपत्र पारिएको छ । कालिन्चोक-मिलनचोक ३८८ मिटरको सडकमा ३०० मिटर नाला, सब-बेस र बेस राखेर कालोपत्रे गर्न बाँकी छ । खजुरा भित्री मोडेल कलेजदेखि उत्तर पश्चिम ७३६ मिटरको सडक भने कालोपत्रे भएको छ । त्यसको रङ रोगन गर्ने काम बाँकी छ । गण्डकी लाइन सडक-मुख्य बजारभित्रको १२० मिटर सडकको अवस्था पनि उस्तै छ । यसमा १२० मिटर नाला, सब-बेसदेखि बेस राखेर कालोपत्रे गर्ने काम बाँकी छ ।

यस्तै, पूर्वाधार विकास निर्देशनालय अगाडिको सडक पनि अलपत्र अवस्थामा छ । २४० मिटरको उक्त सडकमा अहिलेसम्म नाला बनाउने र सब-बेसको कामबाहेक अरू भएको छैन । भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अगाडिको २२० मिटरको सडकमा नाला र कालोपत्रे गर्न बाँकी छ । बस्नेत नर्सरीदेखि पुरानो वडा कार्यालयको ६३० मिटरको सडकको १८५ मिटर नाला दुवैतर्फ, १७६ मिटर सब-बेसको काम भएको छ भने त्यसबाहेक बेस राखेर कालोपत्रे गर्ने काम भएको छैन ।

महिला छात्राबासदेखि दैलेख रोड ४४० मिटरको सडकमा अहिलेसम्म ३६६ मिटर नालाको काम मात्र भएको छ । बेस राखेर कालोपत्रे गर्न बाँकी छ । लालुपाते उत्तर २०० मिटर, कर्णाली राजमार्ग-शीतलनगर १६० मिटरको सडक हालसम्म निर्माणको काम सुरु नै हुन नसकी अलपत्र परेका छन् ।

## दमनको...

समस्याले ग्रसित उनको उपचारकै क्रममा काठमाडौंको फ्रन्ट लाइन अस्पतालमा आइतबार निधन भयो ।

गान्धीवादी तथा सन्त नेता कृष्णप्रसाद भट्टराईका अनुयायी ढुंगाना नेपालका दोस्रो सभामुख तथा २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो सभामुख थिए । वरिष्ठ अधिवक्तासमेत रहेका ढुंगाना २०४८ सालदेखि २०५१ सालसम्म सभामुख थिए । उनले तत्कालीन विद्रोही नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन उल्लेखनीय भूमिका पनि निर्वाह गरेका थिए ।

२०४८ सालमा काठमाडौंबाट निर्वाचन जितेका उनलाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मन्त्री बनाउन गरेको प्रस्ताव अस्वीकार गरेका थिए । इमान्दारी र निष्ठाको राजनीति गरेका उनी अधिवक्ता र मानवअधिकारकर्मीका रूपमा उनी परिचित थिए ।

सभामुखका रूपमा उनी सफल मानिन्छन् । सभामुख रहँदा तटस्थताको राम्रो प्रभाव छाड्न उनी सफल भए । त्यतिबेला आफूबाहेक दोस्रो व्यक्ति सभामुख भएको भए वामपन्थीहरूप्रति आफूजतिको उदार र सहनशील हुन नसक्ने उनको तर्क हुन्थ्यो ।

तत्कालीन समयमा उग्र वामपन्थीका नेतृत्व गरेको एमाले, जनमोर्चा जस्ता दलहरूलाई संसदीय व्यवस्थाप्रति आस्था जगाउन सभामुखको रूपमा उनको कार्यकाल सफल मानिन्छ । तर, कांग्रेसभित्रैको शक्ति संघर्ष, पेलाइबाट उनी पनि अछूतो रहन भने सकेनन् । कृष्णप्रसाद भट्टराई अर्थात् किशुनजी जस्तै उनी पनि दिक्क भएर कांग्रेसको सक्रिय राजनीतिबाट विश्राम लिएर नागरिक अगुवा बने ।

संसदीय प्रणालीमा सभामुखका रूपमा एउटा मानक स्थापित गरे । त्यसअघि उनी कानुन व्यवसायमा सक्रिय थिए । पंचायतविरुद्धको आन्दोलन, शिक्षण र पत्रकारितामा पनि उत्तिकै क्रियाशील रहे ।

२०१७ सालमा ‘कू’ नभएको भए आफू राजनीतिमा नआउने उनी भन्थे । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरेपछि त्यसविरुद्ध उनी प्रजातान्त्रिक आन्दोलनमा होमिए ।

२०५१ सालको मध्यावधि निर्वाचनमा ढुंगाना काठमाडौं- २ मा एमालेकी विद्या भण्डारीसँग पराजित भए । कांग्रेसको राजनीतिमा सक्रिय भूमिकामा नरहे पनि कांग्रेसले उनलाई २०७४ सालमा भक्तपुर- २ बाट प्रतिनिधिसभा उम्मेदवार बनायो । तर, एमालेका महेश बस्नेतसँग पराजित भए ।

सरकार र तत्कालीन द्वन्द्वरत माओवादीबीचको पहिलो वार्तामा महत्त्वपूर्ण भूमिका निर्वाह गरे । माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन ढुंगानाले समन्वयकारी भूमिकामा आफूलाई खरो उतारेका थिए । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनमा पनि उनी नागरिक अगुवाका रूपमा अग्रमोर्चामा थिए ।

उनी विद्यार्थीकालदेखि नै विद्रोही थिए । २०१७ सालपछि स्वतन्त्र विद्यार्थी युनियन स्थापना गर्ने पुराना विद्यार्थी नेतामध्ये उनी पनि एक थिए । कांग्रेसको विद्यार्थी संगठन नेविसंघ स्थापनापछि उनले वकालत सुरु गरे । प्रजातन्त्र स्थापनाको आन्दोलनमा विद्यार्थी फोरमबाट २०१७ सालदेखि नै सक्रिय रहे ।

नेपाल बार एसोसिएसनको २ पटक सचिव भए । सर्वोच्च अदालत बार एसोसिएसनको अध्यक्षसमेत भए । तर, ती राजनीतिक नभएर वकालत गर्ने व्यावसायिक प्लेटफर्म थिए ।

उनी जहाँ भए पनि राज्यसत्ताका विरुद्ध तथा बहुदल र लोकतन्त्रको पक्षमा अनवरत वकालत गरिरहे । कांग्रेसमा रहँदा अहोरात्र सक्रिय भए पनि उनी कहिल्यै कुनै पनि पदमा भने रहेनन् । सभामुख भएको समयबाहेक राज्यको कुनै सुविधासमेत नलिने व्यक्ति पनि उनी थिए ।

उनी भन्थे, ‘आफ्नो जीवनकालमा जति लोकतन्त्रको पक्षमा काम गरेँ, त्यति पार्टीको लागि गरिनँ ।’

आउने दिनमा भावी पुस्ताले प्रजातन्त्रका लागि लड्न नपरोस् भन्ने उनको कामना थियो । नेपाली युवाले जहिले पनि अधिकार र प्रजातन्त्रका लागि लड्नुपरिरहेको र उनीहरूले मर्यादित जीवन बिताउन नपाएकामा नी चिन्तित हुन्थे । ‘ त्यो पाऊन् भन्ने मेरो सपना हो । स्थिर राजनीतिको चाहना हो’, उनी भन्थे ।

‘अहिलेको प्रजातन्त्र स्थिर भइरहेको छैन । २००७ सालदेखि लड्दै नयाँ संविधान बनाउँदै, बनाएको खारेज गर्दै फेरि नयाँ बनाउँदै आएका छौं’, देशको तरल राजनीतिक अवस्थालाई संकेत गर्दै उनी सुनाउँथे ।

‘संविधानसभाले बनाएको संविधानमा पनि अनेक प्रश्न, अस्वीकृति भइरहेका छन् । त्यसले पनि देशमा स्थिरता दिएन । पार्टीहरू सत्तालिप्सामा व्यस्त भए । जसले परिवर्तनका लागि लडेका थिए, उनीहरूले सदुपयोग गर्न जानेनन्’, निराश भावमा उनको विश्लेषण हुन्थ्यो ।

आफ्नो सक्रिय समयमा निकै चर्चा र चासोमा रहेका ढुंगाना जीवनको अन्तिम समयमा राजनीतिको पर्दाबाहिरै रहेर चुपचाप प्रस्थान भएका छन् । २०२८ सालमा प्रेम विवाह गरेका ढुंगानाका श्रीमती, २ छोरा र १ छोरी छन् । उनको अन्तिम संस्कार सोमबार बिहान गरिने छ ।

## भिजिट...

जनाएको भए पनि वैदेशिक रोजगारका लागि भिजिट भिसामा जाने प्रवृत्ति रोक्न सकेको छैन ।

वैदेशिक रोजगार व्यवसायीहरूले भिजिट भिसामा कडाइ गर्न पटकपटक माग गरेका छन् । केही दिनअघि मात्र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनबाट सेटिङका आधारमा भिजिट भिसामा जाने क्रम रोक्न गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराएको थियो ।

सरकारले भिजिट भिसाको दुरुपयोग रोक्न विभिन्न समयमा परिपत्र जारी गरे पनि व्यवहारमा सरकारी प्रयास असफल गराइएको छ । केही महिनाअघि मात्र नक्कली कागजात बनाएर नेपाली युवायुवतीलाई पठाएको अभियोगमा प्रहरीले नेपाल वायुसेवा निगमका अधिकृतसहित काठमाडौंबाट ६ वटा ट्राभल्स एजेन्सीका संचालकलाई पक्राउ गरेपछि केही सुस्त बनेको भिजिट भिसाको ठगी धन्दा पुनः संगठित बनेको बताइएको छ ।

अध्यागमन विभाग, विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीदेखि कार्यालय प्रमुखलाई छोटो समयमा मोटो रकम हात पर्ने भएपछि सेटिङमा पठाउने प्रवृत्ति यथावत् रहेको बताइएको छ । गृह मन्त्रालय र श्रम मन्त्रालयले बोलाउने बैठकमा अध्यागमनका महानिर्देशक र कार्यालय प्रमुखहरूले भिजिट भिसाको दुरुपयोग रोक्न प्रतिबद्धता जनाए पनि व्यवहारमा भिजिट भिसामा पठाउने धन्दा यथावत् राख्ने दोहोरो व्यवहार गर्ने गरेको बताइएको छ । प्रत्येक राति अबेर हुने खाडी मुलुकका फ्लाइटका आधाभन्दा बढी यात्रु भिजिट भिसामा जाने सेटिङका यात्रु रहने गरेको अध्यागमन कार्यालयकै कर्मचारीहरू बताउँछन् ।

मानव तस्करीमा संलग्न गिरोहले नेपालबाट भिजिट भिसामा लगेर केही महिना यूएईमा राखेपछि युरोपेली मुलुकमा सहज रूपमा जान पाउने ‘ग्यारेन्टी’ नै गर्ने गरेका कारण लाखौं रुपैयाँ खर्च गरी भिजिट भिसा प्रयोग गरेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक ठूलो संख्यामा जाने गरेका अनुभवीहरू बताउँछन् ।

नेपाल सरकारले यूएई, साउदी अरेबिया, कतार, कुवेत, ओमान र इराकलगायतका देशमा घरेलु कामदारको रूपमा जान नेपालीलाई प्रतिबन्ध लगाएको छ । तर, उक्त प्रतिबन्ध सेटिङ मिलाउन नसक्ने सोझा सिधा र निरह महिलाका लागि मात्र रहेको बताइन्छ ।

गृहमन्त्री लेखकले यसअघि भिजिट भिसाको दुरुपयोग रोक्न आफू हरदम तयार रहेको बताएका थिए । तर, विमानस्थलमा सेटिङको जालो यथावत् राख्दा छोटो समयमा मोटो रकम हात पर्ने भएपछि जिम्मेवारीमा खटिने कर्मचारीले मन्त्रीको जस्तोसुकै प्रतिबद्धता भए पनि आफ्नो दुनो सोझ्याउन नछाड्ने अटेरी प्रवृत्तिमा सुधार आउन नसकेको र कर्मचारीकै कारणले वैदेशिक रोजगारको जोखिम बढाएको स्रोतको भनाइ छ ।

यसैबीच श्रम मन्त्रालयले वैदेशिक रोजगार बोर्डको पुनर्संरचनाका लागि पूर्वसचिव प्रतापकुमार पाठकको नेतृत्वको कार्यदलले पनि आइतबार नै सरोकारवाला पक्षसँग छलफल गरेको बताएको छ ।

## रुसबाट...

किलोमिटर टाढा पर्ने शाखा रवाहस्थित डिपोर्टटेसन सेन्टरमा राखिएको बताइएको छ । देश निकालामा परेका विदेशीलाई रुसले कम्तीमा ५ वर्षसम्म ब्ल्याक लिस्ट गरी रुस प्रवेशमा प्रतिबन्ध लगाउने गरिएको छ ।

रुसी सेनामा हालसम्म ४३ जना नेपालीको ज्यान गएको औपचारिक रूपमा सार्वजनिक भएको छ भने युरोपेली मुलुकमा पठाउने भन्दै रुसलाई ट्रान्जिट बनाएर ठूलो संख्यामा नेपाली युवायुवतीलाई पुऱ्याउने गरिएको छ ।

**साउदीमा रोजगार**

कम्पनी: DALIN NOON WOMEN'S TAILORING ESTABLISHMENT. — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८८५ — L.T. No.: 313438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Children Clothes Salesman | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

**UAE मा रोजगार**

कम्पनी: MABDE TRADING LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/०२ — चलानी नं.: ६०२२८२०२ — LT. No.: 313814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 50 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 3. | Steel Fixer | 50 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 4. | Helper | 50 | 0 | | 1000 | ३६,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता पोखरामा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

# चिकित्सा शिक्षा क्षेत्रका समस्या समाधानमा प्रधानमन्त्रीको पहल



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले चिकित्सा शिक्षा क्षेत्रमा देखिएका समस्या समाधानका लागि आइतबार चिकित्सा शिक्षा आयोगका पदाधिकारीसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा सरकारी मेडिकल कलेजमा क्षमता भएबमोजिम विद्यार्थीको सिट संख्या निर्धारण तथा निजी मेडिकल कलेजमा तोकेबमोजिम शुल्क र छात्रवृत्ति व्यवस्थापनका लागि राय परामर्श गरिएको छ । स्वदेशभित्रै सहज र गुणस्तरीयरूपमा चिकित्सा शिक्षा उपलब्ध गराउन तथा उत्पादित दक्ष जनशक्तिलाई स्वास्थ्य संस्थामा रोजगारीको वातावरण सिर्जना गरी मुलुकको समृद्धिमा कसरी योगदान दिन सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित रहेको थियो ।

यस्तै नर्सिङ शिक्षामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त सबै संस्थाहरुमा सहज भर्नाका विषयमा प्रधानमन्त्री ओलीले चासो दिएका थिए । उनले आयोगको बैठक छिट्टै राखेर आवश्यक निर्णय लिने र चिकित्सा शिक्षामा सहजताका लागि विद्यमान ऐन-नियममा सामयिक संशोधनको गृहकार्य गर्ने विषयमा परामर्श गरेका थिए ।

'हामीले राष्ट्रिय स्वार्थ र न्यायोचित कुरालाई हेर्नुपर्छ । देशको समृद्धिमा कसरी लाभ पुग्छ भन्ने कुरालाई केन्द्रमा राख्नुपर्छ,' आयोगका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले भने, 'कुनै लहड, स्वार्थ वा नेपालका विद्यार्थी विदेशमा पढ्न जान बाध्य बनाउने गलत स्वार्थमा लाग्नु हुँदैन ।'

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १२ मा विद्यार्थीको पढाइ र अभ्यासका लागि मेडिकलतर्फ कम्तीमा तीन सय तथा डेन्टल र नर्सिङतर्फ एक सय शैय्याको अस्पताल सञ्चालन नभएसम्म सम्बन्धित विषयको कुनै पनि कार्यक्रम सञ्चालन नगर्ने भन्ने व्यवस्थाका कारण नर्सिङ शिक्षा सञ्चालनमा असहजता देखिँदै आएको छ । आयोग र परिषद्को वार्षिक क्यालेण्डरलाई एकरुपतामा ल्याउन पनि कठिनाइ हुँदै आएको छ ।

आयोगका उपाध्यक्ष प्रा.डा. अञ्जनीकुमार झाले अब बस्ने आयोगको बैठकबाट सात नयाँ संस्थालाई आशयपत्र र २८ संस्थालाई विद्यार्थीको कोटा निर्धारणलगायत कार्यसूची हुने अवगत गराए ।

आयोगले चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थाको विद्यार्थी सिट संख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धी कार्यहरु गर्दै आएको छ ।

यसैबीच प्रधानमन्त्री ओलीले आइतबार नै काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको विवाद मिलाउने सम्बन्धमा विश्वविद्यालयका पूर्वउपलकुलपतिहरु डा. सुरेशराज शर्मा, डा रामकण्ठ मकाजु श्रेष्ठलगायतसँग छलफल गरेका छन् । प्रधानमन्त्री एवम् विश्वविद्यालयका कुलपति ओलीले दुवै संस्था अन्तर्राष्ट्रियस्तरमा समेत ख्यातिप्राप्त भएकाले एकापसमा मिलेर जाँदा उचित हुने भएकाले आपसी गृहकार्य गरी समाधानको उपाय ल्याउन यसअघिको सिनेट बैठकमा निर्देशन दिएका थिए ।

उक्त विवाद मिलाउन नेपाल सरकारका प्रतिनिधि, दुवै संस्थाका पदाधिकारी र जनप्रतिनिधि रहेको कार्यदल गठन गरिएको छ । कार्यदलको प्रतिवेदन प्राप्त भएपछि विश्वविद्यालयको सिनेट बैठकमा प्रस्तुत गरिनेछ ।

# ४ देशका नवनियुक्त राजदूतले लिए शपथ



**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष विभिन्न ४ देशका लागि नवनियुक्त राजदूतले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति कार्यालयमा आइतबार आयोजित समारोहमा रीता धिताल (इस्लामिक गणतन्त्र पाकिस्तान), रमेशचन्द्र पौडल (कतार), प्रा. धनप्रसाद पण्डित (इजरायल) र प्रा.डा. कृष्णप्रसाद ओली (जनवादी गणतन्त्र चीन) का लागि नवनियुक्त राजदूतले शपथ ग्रहण गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । उक्त अवसरमा नेपाल सरकारका उच्चपदस्थ अधिकारीको समेत उपस्थिति थियो ।

यसैबीच राष्ट्रपति पौडेलले विभिन्न ६ देशका लागि राजदूत नियुक्त गरेका छन् । नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा डा. शैल रुपाखेतीलाई जर्मनी, जंगबहादुर चौहानलाई रुसी महासंघ, चन्द्रकुमार घिमिरेलाई संयुक्त अधिराज्य, डा. नरेशविक्रम ढकाललाई साउदी अरेबियाका लागि राजदूत नियुक्त गरेका छन् ।

यस्तै थाइल्यान्डका लागि आवासीय राजदूत धनबहादुर ओलीलाई क्याम्बोडिया र गणतन्त्र सिंगापुरका लागि गैरआवासीय नेपाली राजदूत नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

# भरतपुर महानगरवासीलाई चितवन मेडिकल कलेजमा ५० प्रतिशतसम्म छुट



**चितवन/मस-** भरतपुर महानगरवासीलाई चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालमा ३० देखि ५० प्रतिशतसम्म छुट हुने भएको छ । भरतपुर महानगरपालिका र चितवन मेडिकल कलेजबीच आज यससम्बन्धी सम्झौता भएको हो ।

सम्झौताअनुसार भरतपुर महानगरवासीले 'होल बडी चेकअप'मा ५० प्रतिशत, अन्य सम्पूर्ण उपचारमा ३० प्रतिशत र अस्पतालको फार्मेसीमा सात प्रतिशत छुट पाउनेछन् । अस्पतालले बजारबाट खरिद गरेका सामानमा भने छुट सुविधा नदिने सम्झौतामा उल्लेख छ ।

सम्झौतामा चितवन मेडिकल कलेजका प्रमुख प्रशासक प्रताप देवकोटा र महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले हस्ताक्षर गरेका छन् । महानगर प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी र चितवन मेडिकल कलेजका अध्यक्ष प्रा.डा. हरिश्चन्द्र न्यौपाने र सिएमसी फार्मेसीका सरोजप्रसाद ज्ञवाली साक्षीका रूपमा रहेका छन् ।

छुट सुविधा लिनका लागि महानगरले उपचार कार्ड उपलब्ध गराउनेछ । यो कार्ड तयार नहुँदासम्म महानगरको सिफारिसका आधारमा छुट सुविधा पाइनेछ । स्वास्थ्य बिमा, विपन्न र मेडिकल लिगल केसमा भने महानगरवासीले छुटको दाबी गर्न पाउने छैनन् । महानगरले आयोजना गर्ने स्वास्थ्यसम्बन्धी कुनै कार्यक्रमहरू भएमा आवश्यक स्वास्थ्यसम्बन्धी जनशक्ति अस्पतालले उपलब्ध गराउने सम्झौतामा जनाइएको छ ।

शिक्षण अस्पतालको भगिनी संस्था सिएमसि क्यान्सर इन्स्टिच्यूटमा सञ्चालित सिटिइभिटीको पढाइमा विद्यार्थीहरूलाई १० प्रतिशत छुटका लागि महानगरले सिफारिस गर्न सक्ने जनाइएको छ । महानगरले आफ्नो कार्यालय परिसरमा सबैले स्पष्ट देखिने ठाउँमा कम्तीमा पनि ४ बाई ६ फिटको बोर्डमा दुवै पक्षबीच भएको सम्झौताको जानकारी राख्नुपर्नेछ । यो सेवा मंसिर २ गतेदेखि २०८२ मंसिर १ गतेसम्म लागू हुनेछ । सम्झौतालाई पुनः नवीकरण गर्न सक्ने प्रावधान राखिएको छ ।

त्यस अवसरमा महानगर प्रमुख दाहालले भरतपुर मेडिकल सिटीका रूपमा विकास हुँदै गएको चर्चा गर्दै यहाँका अस्पतालको सुविधा उपभोग गर्दा स्थानीयले सहुलियत पाउनु खुसीको कुरा भएको बताइन् । उनले भनिन्, 'अस्पतालै अस्पतालको शहर भनिने यहाँका जनताले पाउने सुविधा के ? भन्ने प्रश्न थियो । भरतपुरवासीले पनि केही त पाए भन्ने गर्भको अनुभूति भएको छ ।'

प्रमुख दाहालले सिएमसीसँग विगतमा पनि सहकार्य गर्दै आएको र यो सम्झौताले दुई संस्थाबीचको सम्बन्ध अझ मजबुत भएको बताइन् । उनले अगाडि भनिन्, 'यो सम्झौतालाई नमूना सहकार्यको मोडेल बनाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।' आफूहरूको प्रस्तावलाई मेडिकल कलेजले सहर्ष स्वीकार गरेर यो सम्झौता गरिएको उनको भनाइ छ ।

चितवन मेडिकल कलेजका अध्यक्ष प्रा.डा. न्यौपानेले देशकै नमूना अस्पताल रहेको भरपुरका नागरिकले यसबाट लाभ पाउनुपर्ने र त्यसका लागि छुट सम्झौता गरेको बताए । 'नेपालमा सबैभन्दा धेरै बिरामी र स्पेसलिष्ट सेवा, शल्यक्रिया गर्ने अस्पताल चितवन मेडिकल कलेज हो । सिएमसी क्यान्सर अस्पतालमा बिपी काइराला मेमोरियल क्यान्सर अस्पतालको भन्दा एक रुपैयाँ बढी शुल्क लिएका छैनौं । क्यान्सरको उपचार पनि सरकारी अस्पतालको शुल्कमा नै गरेका छौं । त्यसमा पनि भरतपुरवासीलाई ३० प्रतिशत छुट हुन्छ,' उनले भने ।

# लामामाथि आक्रमणको अभियोगमा थप एक पक्राउ



काठमाडौं/मस- प्रहरीले काठमाडौंको लाजिम्पाटस्थित पानी पोखरीमा घरजग्गा व्यवसायी नुवाकोटको ककनी गाउँपालिका-६ घर भइ टोखा नगरपालिका-३ ग्राण्डी बस्ने ३५ वर्षीय विक्रम लामामाथि आक्रमण गरेको अभियोगमा थप एक जनालाई पक्राउ गरेको छ ।

पक्राउपर्नेमा गोरखाको फुजेल घर भएका निश्चल सुनार रहेका र निजलाई जिल्ला प्रहरी कार्यालय झापासँगको समन्वयमा आइतबार पक्राउ गरी काठमाडौं ल्याइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनले भने, 'गत कात्तिक ११ गते घरजग्गा व्यवसायी लामामाथि आक्रमण गरेको आरोपमा निजलाई झापाबाट पक्राउ गरी आज काठमाडौं ल्याएका छौं ।' लामालाई आक्रमण गरेको आरोपमा प्रहरीले यसअघि शैलेन्द्र तामाङ उर्फ मार्सल पक्राउ परेका र मार्सललाई प्रहरीले अभद्र व्यवहारमा मुद्दा चलाएको थियो । अदालतको आदेशले मार्सल थुनामा गएको प्रहरीले जनाएको छ ।

लाजिम्पाटस्थित इनोभा अस्पतालको पार्किङमा विक्रमलाई गत कात्तिक ११ गते चार जनाको समूह मिलेर रड प्रहार गरेर निर्घात कुटपिट गरेको सिसीटिभी फुटेजमा देखिएको प्रवक्ता एवम् प्रहरी उपरीक्षक अधिकारीले बताए ।

# दलित आयोगको प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष पेस



**पोखरा/मस-** राष्ट्रिय दलित आयोगको प्रतिवेदन गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टसमक्ष पेस गरिएको छ । आयोगका सदस्य एवम् प्रवक्ता सुन्दर पुर्कुटीले आइतबार एक कार्यक्रमबीच नेपालको संविधानको धारा, २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन प्रदेशका प्रमुख भट्टसमक्ष पेस गरेका हुन् ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले जातीय समस्यालाई ती समुदायको मात्र समस्याका रूपमा नलिई साझा समस्याका रूपमा लिनुपर्ने बताए । दलित समुदायको हक, अधिकार र समानताका लागि राष्ट्रिय दलित आयोगले खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै उनले समाजलाई न्यायपूर्ण र समतामूलक बनाउन अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । वर्षौंदेखि जकडिएको छुवाछूत र भेदभावको जालोलाई कमभन्दा कम समयमा तोड्न आयोगलाई सफलता मिलोस् भनी प्रदेश प्रमुख भट्टले शुभकामना व्यक्त गरे ।

'दलित आयोगले कानुनी सुधार, सामाजिक चेतना, शिक्षा, रोजगारीका अवसरहरू विस्तार र भेदभावविरुद्धको अभियानमा देखाएको सक्रियता हाम्रो समाजको रूपान्तरणका लागि मार्गदर्शक बनेको छ,' उनले भने, 'यो आयोग स्थापना भएयता, दलित समुदायको जीवनस्तर सुधार्ने र उनीहरूको आवाजलाई उच्चस्तरमा पुऱ्याउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।'

आयोगका सदस्य सुन्दर पुर्कुटीले प्रतिवेदनमा दलित आयोगले गरेका प्रगति, आइपरेका चुनौती र आवश्यक सुझाव समेटिएको जानकारी दिए । यसअघिका प्रतिवेदन प्रदेश सभामा छलफलका लागि प्रस्तुत नभएकाबारे जानकारी गराउँदै उनले गण्डकी प्रदेशका दलितको अवस्थाबारे अध्ययन गर्न प्रदेश सरकारसमक्ष माग गरे ।

'जातीय विभेदविरुद्धका विषयको पाठ्यक्रम बनाइनुपर्नेमा हाम्रो जोड छ । दलित विद्यार्थीका लागि सरकारी तवरबाटै आवासीय सुविधा हाम्रो माग हो,' सदस्य पुर्कुटीले भने, 'समानुपातिक समावेशी सहभागिता भनिए पनि सबै क्षेत्रमा कार्यान्वयन नभइरहेको अवस्था छ । आयोगको प्रादेशिक कार्यालय स्थापनामा पनि प्रदेश सरकारले सहयोग गरोस् भन्ने हाम्रो माग हो ।'

सो अवसरमा प्रदेश प्रमुख कार्यालयका सचिव बद्रीनाथ अधिकारी, उपसचिवद्वय रामेश्वर अर्याल र ऋषिराम सुवेदीलगायतको उपस्थिति थियो ।

# कृष्णनगरका विद्यार्थीलाई घरमै उच्च शिक्षा प्राप्त गर्ने अवसर

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २ मंसिर




कपिलवस्तुको कृष्णनगर नगरपालिकामा उच्च शिक्षाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले बहादुरगन्जस्थित राघवेन्द्र गौरव बहुमुखी क्याम्पसले औपचारिक रूपमा अध्यापन कार्य सुरु गरेको छ । क्याम्पस स्थापना भएसँगै यस क्षेत्रका विद्यार्थीहरूले अब घरमै उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त गरेका छन् ।

क्याम्स उद्घाटन समारोहमा नगरप्रमुख तथा क्याम्पस संरक्षक रजत प्रताप शाहले क्याम्पसले क्षेत्रीय विद्यार्थीहरूलाई अन्यत्र जानुपर्ने बाध्यता हटाएको बताए । उनले क्याम्पसको स्थापना सामाजिक र आर्थिक दृष्टिले पनि यस क्षेत्रका विद्यार्थीहरूका लागि लाभदायक हुने उल्लेख गरे ।

क्याम्पसका अध्यक्ष वैभव प्रताप शाहले क्याम्पस स्थापना स्थानीयको लामो चाहनापछि पूरा भएको बताउँदै गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पसलाई समावेशी बनाउने प्रतिबद्धता जनाए ।

आगामी दिनमा विविध संकाय र कार्यक्रम थप गर्दै शिक्षाको दायरालाई विस्तार गर्ने योजना रहेको पनि उनले जानकारी दिए ।क्याम्पसका प्रमुख मानबहादुर दर्जीले क्याम्पसले सुदूरपश्चिम विश्वविद्यालयसँगको सम्बन्धनमा शिक्षा शास्त्र संकायअन्तर्गत नेपाली, अंग्रेजी र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरूमा अध्यापन सुरु गरेको जानकारी दिए । उनका अनुसार हालसम्म क्याम्पसमा ४५ जना विद्यार्थी भर्ना भइसकेका छन् ।

स्थानीय जनताको लामो समयदेखिको चाहनालाई सम्बोधन गर्दै स्थापना गरिएको यो क्याम्पसले ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई उच्च शिक्षाको सहज पहुँच दिलाउने अपेक्षा गरिएको छ । नगरपालिकाको सक्रियता र स्थानीय जनताको सहयोगले क्याम्पस सञ्चालन सम्भव भएको जनाइएको छ ।

उद्घाटन कार्यक्रममा सहभागीहरूले क्याम्पसले यस क्षेत्रको शैक्षिकस्तर उकास्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

क्याम्पसको उद्घाटनसँगै कृष्णनगर क्षेत्रका नागरिकहरूमा उत्साह छाएको छ । यसले स्थानीय विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन र शिक्षामा आउने चुनौती समाधान गर्न महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

# बौद्ध विहार संघ ललितपुरको नयाँ नेतृत्व



**पाटन/मस-** बौद्ध विहार संघ ललितपुरको ४९औं साधारण सभाबाट नयाँ सञ्चालक समिति चयन भएको छ । आइतबार सम्पन्न साधारण सभाले रत्नाकर महाविहारका प्रतिनिधि करुणा रत्न बज्राचार्यको अध्यक्षतामा सञ्चालक समिति चयन गरेको निर्वाचन अधिकृत पुष्परत्न शाक्यले जानकारी दिए ।

निर्वाचन अधिकृत शाक्यले दिनुभएको जानकारीअनुसार उपाध्यक्ष पदमा मणिमण्डप महाविहारका पुष्प शाक्य, मयूरवर्ण महाविहारका सुरेन्द्र बज्राचार्य, हिरण्यवर्ण महाविहारका राजु बज्राचार्य र दत्तनाम महाविहारका अमोघबज्र बज्राचार्य निर्विरोध निर्वाचित भएका हुन् ।

महासचिवमा यशोधर महाविहारका बाबुराजा बज्राचार्य निर्विरोध निर्वाचित भए । सचिव पदमा ललितवर्ण महाविहारका दीपक शाक्य, कोषाध्यक्षमा गोपीचन्द्र महाविहारका नरेश शाक्य र सहकोषाध्यक्षमा वैशवर्ण महाविहारका रवीन्द्र शाक्य निर्विरोध चयन भएका छन् । कार्यसमिति सदस्यहरूमा रुद्र वर्ण महाविहारका किशोर शाक्य, सप्तपुर महाविहारका हेमरत्न शाक्य, धर्मकीर्ति महाविहारका सरोज बज्राचार्य, रक्षेश्वर महाविहारका रूपकुमार शाक्य, गुणलक्ष्मी महाविहारका बुद्धरत्न बज्राचार्य, सुरशचन्द्र महाविहारका सुनिल शाक्य, लोकाकीर्ति महाविहारका राजेश बज्राचार्य, श्रीबच्छ महाविहारका वत्सकुमार शाक्य, बलाधर गुप्त महाविहारका दिनेश शाक्य, यम्पि महाविहारका विनोदराज शाक्य र नापीचन्द्र महाविहारका शैलेन्द्रराज शाक्य निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचन अधिकृत शाक्यले भने, '२१ सदस्यीय कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा कुनै पनि उम्मेदवारी नपरेकाले यस वर्ष उक्त पद खाली नै रहनेछ, अध्यक्षको सिफारिसमा कार्यसमितिले चारजना सदस्यहरु मनोनयन गर्ने व्यवस्था रहेको छ ।'

विसं २०३२ मंसिर १ गते हिरण्यवर्ण महाविहारमा स्थापना भएको बौद्ध विहार संघमा हाल ललितपुरका ३० वटा वौद्ध विहारको प्रतिनिधित्व रहेको निर्वतमान अध्यक्ष नानीकाजी शाक्यले जानकारी दिए । 'ललितपुरमा दुई सय ५० भन्दा बढी विहारहरू छन्, सबैलाई सदस्य बनाउन सकिएको छैन, मुख्यमुख्य महाविहारबाट मात्रै प्रतिनिधित्व हुने व्यवस्था रहेको छ,' उनले भने ।

सम्पादकीय

# इमानको खडेरी

स्थानीय तहमा रिक्त ४४ पदका निम्ति आगामी १६ मंसिरमा हुने उपचुनावका लागि आइतबार उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार ८ जना पालिका पदाधिकारीमा हुने उपचुनावका लागि ८४ जनाले उम्मेद्वारी दर्ता गरेका छन् । ३४ वडा अध्यक्ष पदमा ३२३ जनाको उम्मेदवारी परेको छ । प्रतिस्पर्धामा उत्रिएका अधिकांश उम्मेदवार राजनीतिक दलका तर्फबाट छन् । केहीले स्वतन्त्र उम्मेदवारी दिएका छन् । स्वतन्त्र उम्मेदवारको व्यक्तित्वबारे आमजानकारी नहुने भएकाले दलहरूकै उम्मेदवारप्रति चर्चा सुरू भएको छ । त्यसमा पनि प्रमुख राजनीतिक दलको निर्णय धेरैको नजरमा छ किनकि मुख्य दलहरूका तर्फबाट उम्मेदवार बनेकामध्येबाटै एक जनाले जित्ने धेरैको विश्लेषण हुन्छ । त्यसैले मुख्य दलहरूका तर्फबाट दिइएको उम्मेदवारी प्रवृत्तिबारे चर्चा गर्नु मनासिब हुनेछ ।

यो उपचुनावमा मुख्य दलहरूले एकल प्रतिस्पर्धा गर्ने पूर्वघोषणा गरेका थिए । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र मात्र नभएर एकीकृत समाजवादीसहित साना दलहरूको घोषणा पनि एक्लै भिड्ने भन्ने थियो । पुराना दलहरूबाट हुँदैन भनेर आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एक्लै लड्ने भनेरै उम्मेदवारको खोजीमा सार्वजनिक अपिल गरेको थियो । तर, उम्मेदवारी दर्ता भइरहँदा पूर्वघोषणाभित्र दलहरू बाँधिएनन् । मिल्नेजति ठाउँमा सत्तारूढबीच गठबन्धन भयो । जिल्ला समन्वय सभापतिमा एमालेले कांग्रेसलाई सहयोग गऱ्यो । माओवादीलाई एकीकृत समाजवादी अनि एकीकृत समाजवादीलाई माओवादीले कतिपय ठाउँमा सहयोग गर्ने निर्णय भयो । समाजवादी मोर्चाबीच एकअर्कालाई सहयोगको अलिखित प्रतिबद्धता गरियो । हुँदाहुँदा रास्वपाले कीर्तिपुर जस्तो राष्ट्रिय सन्देश बाक्ने नगरपालिकाको मेयर पदमा उम्मेदवारी नै नदिने निर्णय लियो । राजनीतिक वृत्तमा त्यहाँ रास्वपाले माओवादीलाई सहयोग गर्ने बचनबद्धता भएको चर्चा छ ।

यसरी पूर्वघोषणाविपरीत निर्णय भएको सबैभन्दा बलियो उदाहरण बन्यो, पूर्व रूकुमको पुथा उत्तरगंगा गाउँपालिका । यो पालिकामा उपाध्यक्ष पदका निम्ति उपचुनाव हुँदै छ र एमाले नेतृत्व केशकुमारी तुलाचनले रूख चिह्नबाट उम्मेदवारी दर्ता गराएकी छन् । यही पालिकाको २ नम्बर वडामा पनि एमालेकै नेता जीवन रोकाले रूख चिह्नबाटै उम्मेदवारी दिएका छन् । साझा उम्मेदवार उठाउने क्रममा यस्तो नीति कांग्रेस-एमालेले लिएका हुन् । कम्युनिस्ट नेताले कांग्रेसको चिह्नबाट चुनाव लड्न लागेको यो पछिल्लो उदाहरण मात्र हो । निकट विगतलाई नियाल्ने हो भने कुनै पनि दलले सहकार्य गर्न बाँकी कुनै दल बाँकी छैन । त्यो सहकार्य सत्ता स्वार्थमा आधारित छ जबकि यिनै दलहरूको सिद्धान्त एकअर्काबीच विरोधाभासपूर्ण छ । सिद्धान्तकै निम्ति यी दलहरूले एकअर्काविरूद्ध लामै संघर्ष गरेका छन् तर सत्तामा पुग्ने स्वार्थमा नेताहरूले जस्तासुकै निर्णय लिन पछि परेका छैनन् । यस्तो प्रवृत्ति एक प्रकारले नेताहरूमा राजनीतिक इमान नरहनुको उदाहरण हो ।

# कोप-२९ र पहिलो हप्ताका उपलब्धि



● राजन थापा

*कोप- २९ का मुख्य विषयवस्तुहरूमा जलवायु वित्त, महत्त्वकांक्षा, न्यायसंगत संक्रमण, अनुकूलन र क्षति तथा नोक्सानी, तापक्रम वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सिएससम्म सीमित गर्नका लागि महत्त्वपूर्ण छन् ।*




जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप- २९) ११ नोभेम्बर २०२४ देखि अजरबैजानको बाकुमा भएको छ । पहिलो हप्ताको अन्तिम दिनसम्म आइपुग्दा यो सम्मेलनमा केके भए त भन्ने सबैमा चासो बढेको छ । 'वित्तीय कोप' भनेर चिनिएको सम्मेलन कुन दिशातिर जान्छ, त्यो भने अब हुने वार्ता तथा छलफलले बताउने नै छन् ।

कोप- २९ मा कोप- २८ को नतिजामा आधारित रणनीति अघि बढेका छन् । यस सम्मेलनमा जलवायु वित्तीय लक्ष्य, कार्बन बजारका लागि धारा ६ अन्तर्गतका नियमहरू, हानि तथा नोक्सानीको प्रतिक्रिया कोष र अनुकूलन लक्ष्यमा प्रगतिको मापनका मापदण्डहरू निर्माण मुख्य विषयको रूपमा रहेका छन् । साथै, एनडीसी, राष्ट्रिय अनुकूलन योजना (न्याप) र द्विवार्षिक पारदर्शिता प्रतिवेदन (बीटीआर) समयमा प्रस्तुत गर्ने महत्त्वाकांक्षालाई प्रोत्साहन दिन यस सम्मेलनका छलफलहरू केन्द्रित छन् । केही वर्षयता जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा देखापर्न थालेको छ । यसको एउटा ज्वलन्त उदाहरण उष्णतामा अस्वाभाविक वृद्धि भएको छ । सन् २०२४ मा लगातार दोस्रो पटक सबैभन्दा तातो वर्ष हुने अनुमान गरिएको छ । विश्वभरि चरम मौसमी घटनाहरूको तीव्रता बढिरहेको छ ।

नेपाल, स्पेन र सहारामा विनाशकारी बाढीदेखि ब्राजिलको अमेजन वर्षावनमा भयावह आगलागी र अत्यधिक तापक्रम र खडेरी, यी र यस्ता जलवायु परिवर्तनको प्रभावले थप चुनौती सिर्जना गरेको अवस्था छ । कोप- २९ को आयोजना यसै जटिल परिस्थिति र ठूला घटनाहरूको बीच भएको छ । राजनीतिक दृष्टिबाट हेर्दा विश्वमा बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरूमध्ये एक अमेरिकामा चुनाव पनि पर्छ । डोनाल्ड ट्रम्पको पुनः निर्वाचनले पेरिस सम्झौताबाट फिर्ता हुने उनको योजनासहित अन्तर्राष्ट्रिय जलवायु वार्तामा ठूलो असर पार्न सक्ने कतिपयले अनुमान गरेका छन् । यूएनएफसीसीसीबाट फिर्ता हुने सम्भावनाको चर्चा भए पनि यो सजिलो हुने छैन ।

**कोप- २९ बाट के आशा गर्न सकिन्छ ?**

कोप- २९ लाई वातावरण क्रियाशील विश्वका व्यक्तिहरू मात्र नभई आमसर्वसाधारणले पनि निकै चासोपूर्वक हेरिरहेका छन् । विगतका सम्मेलनहरूको तुलनामा यस पटक केही उपलब्धिमूलक नै हुने आशा उनीहरूले गरेका छन् । यस पटक जलवायु वित्त, राष्ट्रिय रूपमा निर्धारित योगदान बढाउने पहल, क्षति र नोक्सानीको वित्तीय सहयोग, अनुकूलनका लागि प्रगति, कार्बन बजारहरूको सुदृढीकरणलगायतका केही उपलब्धिहरूको आशा गरिएको छ ।

**जलवायु वित्त**

**Padmaghat, Kalikot District**
**Karnali Province, Nepal**

### Letter of Intent (LOI)

**Date of Publication : 2081/08/03**

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per following contract id no. Published on saurya National Daily dated 2081/06/20, to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling the qualification criterion:-

| S. N. | Contract Id No. | Name of Project | Substantially responsive lowest evaluated bidder | Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1. | MRM/NCB/ KMGFN/01/081/082 | Kalika ma bi gherbar tatha field Nirman.-5. | shree singh kalika nirmaan sewa mahawai-5 | 53,07,178.5/- |
| 2. | MRM/NCB/ SSKN/02/081/082 | Sera Kulo Nirman Mahawai-6. | Lok pawan nirman sewa and order suppliers mahawai-6 | 25,07,669.48/- |
| 3. | MRM/NCB/ SBRSN/03/081/082 | Satbare Ramni Sadak Nirman.-3,7. | Vius nirman sewa Birendranagar-3,surkhet. | 46,67,756.3/- |
| 4. | MRM/NCB/ GGPSN/04/081/082 | Gatteghat Padamghat Sadak Nirman. -2,3. | Panchadewal nirman sewa khadachakr-2 kalikot. | 15,38092.18/- |

**Chief Administrative Officer**

# सहमतिको आधारमा जग्गा एकीकरणको कामलाई तीव्रता दिन निर्देशन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २ मंसिर



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले राजधानी क्षेत्रको जग्गा एकीकरणको कामलाई जग्गाधनीको सहमतिको आधारमा अघि बढाउन निर्देशन दिएका छन् । जग्गा एकीकरण आयोजना सञ्चालन समितिको अध्यक्षको शपथ ग्रहणपश्चात भएको छलफल कार्यक्रममा मुख्यमन्त्री आचार्यले राजधानी क्षेत्रको जग्गा एकीकरण आयोजनालाई जग्गाधनीको सहमतिको आधारमा तीव्रता दिन निर्देशन दिएका हुन् ।

'यो महत्वपूर्ण जिम्मेवारी हो । फिल्डमा सहमति जुटाउने कामलाई तपाईंहरुले अघि बढाउनुहोस् । स्रोत साधन जुटाउने काममा हामी जुट्छौं,' मुख्यमन्त्री आचार्यले भने, 'नदी सभ्यतामा आधारित राजधानी शहर बनाउने परिकल्पना सरकारको छ । यही परिकल्पनालाई साकार बनाउने महत्वपूर्ण जिम्मेवारी छ ।' जग्गा एकीकरण आयोजनाको कामलाई विवादरहित ठाउँबाट अघि बढाउन र त्यसलाई नमुनाको रूपमा प्रस्तुत गर्न मुख्यमन्त्री आचार्यको भनाइ छ । 'हामी राजधानी शहर निर्माणका लागि साधन स्रोतको खोजीमा जुटेका छौं, तपाईंहरु समुदायस्तरको काममा लाग्नुहोस्,' मुख्यमन्त्री आचार्यले भने, 'सबैलाई समन्वय र सहकार्य गरेर कामलाई अघि बढाउन जरुरी छ ।'

जग्गा एकीकरण आयोजना संचालन समितिको अध्यक्ष नियुक्त भएका राप्ती गाउँपालिका- १ निवासी सुशीलकुमार बस्नेतलाई मुख्यमन्त्री आचार्यले शपथ ग्रहण गराएका हुन् । कात्तिक १२ गते बसेको पूर्वाधार विकास समितिको २१औं बैठकले बस्नेतलाई अध्यक्षमा नियुक्त गरेको थियो ।

राजधानी शहर निर्माणका लागि २० वर्षे योजना निर्माण गरिएको छ । जुन योजना कार्यान्वयन गर्न एक खर्ब बढी बजेट लाग्ने अनुमान छ । पाँच वर्षका लागि २५ अर्ब लगानीको खोजीमा प्रदेश सरकार जुटेको छ । लगानी सुनिश्चित गरेर हरित र सुविधा सम्पन्न शहर निर्माणको योजना बनाइएको छ । जसका लागि प्रदेश सरकारले विदेशी दातृ निकायसँग पहल गरिरहेको छ ।

२०७७ असोज २० गते बसेको प्रदेश सभा बैठकले लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका देउखुरी र नाम लुम्बिनी राख्ने निर्णय पारित गरेको थियो । राप्ती गाउँपालिकाका सबै वडा, गढवा गाउँपालिकाको वडा नम्बर १, २ र ३, शितगंगा नगरपालिकाको वडा नम्बर ८ र ९ लाई राजधानी क्षेत्रभित्र समेटिएको थियो । राजधानी क्षेत्रभित्रको १२ हजार बिगाह जग्गामध्ये यस वर्ष एक हजार बिगाह जग्गालाई एकीकरण योजनाभित्र राखिएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले बताए । उनका अनुसार १४ ब्लक निर्माण गरिएको छ । पहिलो चरणमा तीन वटा ब्लकबाट जग्गा एकीकरणको काम अघि बढाउने योजना छ ।

# गृहमन्त्री लेखकसँग एसएसबी महानिर्देशकको भेटवार्ता

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकसँग भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) का महानिर्देशक अमृतमोहन प्रसादसहितको उच्चस्तरीय टोलीले भेटवार्ता गरेको छ । सिंहदरबार स्थित गृह मन्त्रालयमा भएको भेटवार्तामा सशस्त्र प्रहरी बल नेपाल र भारतीय सीमा सुरक्षा बल (एसएसबी) बीच दुई देशको सीमा सुरक्षाका क्षेत्रमा सौहार्दपूर्ण वातावरणमा भइरहेको कामका विषयमा छलफल भएको थियो ।



भेटवार्ताका क्रममा गृहमन्त्री लेखकले सीमा क्षेत्रमा हुने लागुऔषधको अवैध कारोबार र ओसारपसार तथा मानव बेचबिखन नियन्त्रणका साथै आपराधिक गतिविधि नियन्त्रणमा सहयोग र सहकार्य गर्न जोड दिए ।

गृहमन्त्री लेखकले जनताले कष्ट नपाउने गरी सौहार्दपूर्ण वातावरणमा शान्ति सुरक्षा र अपराध नियन्त्रणतर्फ दुवैतर्फको ध्यान जानुपर्नेमा जोड दिँदै गृहमन्त्री लेखकले नेपाल-भारत सीमा नाकामा ओहोरदोहोर गर्ने नागरिकहरूलाई मर्यादित व्यवहार गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिए ।

'नेपाल-भारतबीच सदियौं पुरानो सम्बन्ध रहिआएको छ', गृहमन्त्री लेखकले भने, 'सीमा सुरक्षा बलका काम कारबाहीले दुई देशबीचको सम्बन्ध थप बलियो हुनेमा विश्वस्त छु, सहयोग र सहकार्य गरी सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणसहित सीमा आवतजावतका क्रममा सम्मानजनक व्यवहार गरी दुवै देशका जनताको विश्वास जितौं ।'

सो भेटवार्ताका अवसरमा गृह सचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षक राजु अर्याल र भारतीय एसएसबीका महानिर्देशक अमृत मोहनप्रसादससहित उच्च अधिकारीको सहभागिता थियो । सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच हरेक वर्ष हुने समन्वय बैठकमा भाग लिन महानिर्देशक प्रसादको नेतृत्वमा एसएसबीको उच्चस्तरीय टोली काठमाडौं आएको हो ।

# रौतहटमा उत्साहजनक उम्मेदवारी दर्ता



**ओम प्रकाश यादव/मध्यान्ह**
रौतहट, २ मंसिर

आगामी मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि रौतहटमा आइतबार उत्साहजनकरूपमा मनोनयन दर्ता सम्पन्न भएको छ । रौतहटको गढीमाई नगरपालिका वडा नम्बर ८, राजपुर नगरपालिका वडा नम्बर ६ र इशनाथ नगरपालिका वडा नम्बर ७ को वडाध्यक्ष पदका लागि हुन लागेको उपनिर्वाचनअन्तर्गत तीन वटै वडामा आइतबार विभिन्न दलका नेता तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् ।

आइतबार बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा पुगेर विभिन्न राजनीतिक दलका नेता तथा स्वतन्त्र उम्मेदवार हरूले आफ्नो उम्मेदवारी दर्ता गराएका हुन् ।

गढीमाई नगरपालिका-८ को वडाध्यक्ष पदका लागि १६ जनाको उम्मेदवारी परेको छ । जसमध्ये राजनीतिक दलको तर्फबाट ७ जनाको उम्मेदवारी परेको छ भने ९ जनाको स्वतन्त्र उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालय बरियार पुरले जनाएको छ ।

गढीमाई नगरपालिका-८ को वडाध्यक्षका लागि नेपाली कांग्रेसबाट सुबोध कुमार यादव, नेकपा एमालेबाट जीउतीदेवी यादव, नेकपा एकीकृत समाजवादी पार्टीबाट बजरंगीप्रसाद यादव, जनता समाजवादी पार्टी नेपालबाट सन्देशप्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै जनमत पार्टीबाट सुरेन्द्र राउत कुर्मी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबालक साह र राष्ट्रिय मातृभूमि पार्टीबाट साहेबलाल राउतले उम्मेदवारी दर्ता गराएका छन् ।

यसैगरी अनिल कुमार यादव, चन्द्रिका प्रसाद यादव, दिनेश राय यादव, नरेन्द्र ठाकुर, रामविधार्थ प्रसाद जयसवाल, राम विशवास राय यादव, रामसिंह राय यादव र श्रीश्याम प्रसाद यादवले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै राजपुर नगरपालिका-६ को वडाध्यक्ष पदका लागि नेपाली कांग्रेसबाट समसे आलम र इशनाथ नगरपालिका-७ को वडाध्यक्षमा शेख अब्दुल खलीकले आफ्ना उम्मेदवारी दर्ता गराएको नेपाली कांग्रेसका मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेश कुमार गुप्ताले जानकारी दिए ।

# रुन्टीगढी गाउँपालिका- ४ मा ६ दलको मनोनयन दर्ता

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २ मंसिर



मंसिर १६ गते हुने उपनिर्वाचनका लागि रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नम्बर ४ मा वडाध्यक्ष पदका लागि ६ दलको उम्मेदवारी परेको छ । नेकपा माओवादी केन्द्रबाट नरेशजंग सिंह, नेकपा एमालेबाट बेगम पुन, नेपाली कांग्रेसबाट भुपमणि पुन मगर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट हिमबहादुर पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पहलबहादुर वली र मंगोल नेशनल अर्गनाइजेसन पार्टीबाट पूर्णबहादुर बुढाले उम्मेदवारी दर्ता गराएका छन् ।

नेकपा माओवादी केन्द्रका स्थायी समिति सदस्य तथा लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री जोख बहादुर महरा, प्रदेश स्तरका नेता तथा जिल्ला स्तरका नेता कार्यकर्तालगायतले र्‍याली, बाजागाजासहित सिंहको मनोनयन दर्ता गराएका हुन् ।

यस्तै नेकपा एमालेका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य ईश्वरी जिएम, नेकपा एमाले पोलिटब्युरो सदस्य तथा संविधान सभा सदस्य गोकुल घर्तीसहित प्रदेशस्तर, जिल्लास्तरका नेता तथा कार्यकर्ताले र्‍याली र गाजाबाजासहित पुनको उम्मेदवार दर्ता गराएका हुन् ।

त्यस्तै नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द राज पोखेल, नेपाली कांग्रेसका केन्द्रीय सदस्य राधा घले, प्रदेशस्तरका नेता, जिल्लास्तरका नेता तथा कार्यकर्ताले र्‍याली र बाजागाजासहित मगरको मनोनयन दर्ता गराएका हुन् । रुन्टीगढी गाउँपालिका-४ को उपनिर्वाचनमा ६ दलका उम्मेदवारले वडाध्यक्ष पदमा मनोनयन दर्ता गराएको निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश विनोद खतिवडाले जानकारी दिए । रुन्टिगढी गाउँपालिका-४ का वडाध्यक्ष टंकबहादुर पुनको स्क्रब टाइफसका कारण २०८० असार २७ गते निधन भएको थियो । पुन नेपाली कांग्रेसबाट २०७९ को स्थानीय तह निर्वाचनमा निर्वाचित वडाध्यक्ष थिए । उक्त रिक्त पदका उपनिर्वाचन हुन लागेको हो ।


## ओमनमा रोजगार

कम्पनी: GENERAL DEVELOPMENT SERVICES LLC — शहर: Oman,Muscat
पूर्व स्वीकृत मिति: २०७९/०८/२६ — चलानी नं.: ६०१९३२१३ — L.T. No.: 277639 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 2 | सम्बन्धित काममा दक्ष | 120 | ४२०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Cleaner | 8 | 0 | | 100 | ३५०५९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Destiny H.R.Group Pvt. Ltd.** Govt.Lic.No.: 1552/079/080
Sinamangal-9, Kathmandu.Tel No:5913085/5914085
Email: admdestinyhr@gmail.com/Website: www.destinyhrgroup.com.np

## साउदीमा रोजगार

कम्पनी : NAHDAT AL-JEEL PRIVATE SCHOOLS — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.: ६०२२८१८१ — LT. No.: 313810

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | School Bus Driver | 2 | 0 | स. काममा दक्ष | 2000 | ७१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Mastoura Contracting Company Ltd. — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.: ६०२२८१८३ — LT. No.: 313811

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 40 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम इजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

## Kuwait मा रोजगार

CAR WASH AND POLISHING COMPANY IN THE COMMERCIAL COMPLEX PARKING
पूर्व स्वीकृती मिति: २०८१/०७/३० — चलानी नं. ६०२२८०४१ — LT No.: 312973

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 4 | 0 | [illegible] | 100 | ४३९.००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Light Duty Drivers | 2 | 0 | | 135 | ५९.२००।- | | | | | | | |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ३,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

**अन्तरवार्ता २०८१ मंसिर १० गते (25 Nov.,2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

## कतारमा रोजगार

कम्पनी: ALDOHA MAINTENANCE AND SERVICES CENTRE COMPANY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.: ६०२२८१६१ — LT. No.: 313774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1100 | ४०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.**
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं, — श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
फोन: ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com

## कुवेत र ओमनमा रोजगार

कम्पनी : AL BAIRAQ AL DAHBY CONSUMER DELIVERY ESTABLISHMENT COMPANY — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.: ६०२२८१६० — LT. No.:313766

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 24 | 0 | स. काममा दक्ष | 140 | ६१,३५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BLUE LIFE — शहर: OMAN, SAMAIL — पूर्व स्वीकृत मिति: २०८१/०७/३० — चलानी नं.: ६०२२८११५ — LT. No.:313633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 1 | सम्बन्धित काममा दक्ष | 140 | ४९०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter(Male) | 1 | 0 | | 140 | ४९०८३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031

## साउदीमा रोजगार

कम्पनी : Planning and Construction Company for General Contracting, one person — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०७/३० — चलानी नं.: ६०२२८१३३ — L.T. No.:313735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R.K.Manpower Group Pvt.Ltd.**
रातोपुल, गौशला, काठमाडौं, नेपाल, फोन: ०१४४७९७३०, फ्याक्स: ४४६०८६२ — श्रम इजाजत पत्र नं.: ७७५/०६५/०६६
Email: rkgroup08@gmail.com, rkgroup08@hotmail.com

## SAUDI मा रोजगार

AL OTHMAN AGRI. PROD & PROC CO.
पूर्व स्वीकृति मिति: २०८१/०८/२ — चलानी नं.: ६०२२८१४४ — LT No. 313739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Load And Unload Workers | 10 | 0 | [illegible] | 1000 | ३६,०००।- | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Shelf Packer | 25 | 0 | | 1000 | ३६,०००।- | | | | | |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ३,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८१ मंसिर १० गते (25 Nov., 2024) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।**

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत न.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

## कतारमा रोजगार

कम्पनी: SANAA RESTAURANT — शहर: QATAR — पुन विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/०९/०४ — चलानी नं.: ६०२११८०० — LT. No.: 296652

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 2 | 0 | | 1300 | ४७०४७ | | | | | | | |
| 3. | Waiter | 0 | 1 | | 1400 | ५१७४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur Phone No: +977-15920668, 15920568
Mob: 9703851443, 9841582762, Email: nasserplacement2000@gmail.com

## साउदीमा रोजगार

कम्पनी: ABDULAZIZ ABDULLAH MOHAMMED AL TURKI RESTAURANTS FOR PROVIDING MEALS — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०७/२९ — चलानी नं.: ६०२२८१२८ — L.T. No.: 313679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: FATIMA BINT HAMAD BIN ABDULLAH AL SAHYE FOOD SERVICE EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०७/२९ — चलानी नं.: ६०२२८१२९ — L.T. No.: 313592

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MASDAR AMAN FOR GENERAL CONTRACTING EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०७/३० — चलानी नं.: ६०२२८१२७ — L.T. No.: 313678

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MEAT AND MORE RESTAURANTS FOR BEVERAGES AND PROVIDING MEALS — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०७/२८ — चलानी नं.: ६०२२८१३० — L.T. No.: 313593

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ईमास्को नेपाल प्रा. लि.** श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७७८, ४३५७७७८, फ्याक्स नं.: ४३५७७७८ Mob.: 984319890, 9803140917

## तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

NIMB
प्रकाशित मिति २०८१/०८/०३

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड (साबिक नेपाल ईन्भष्टमेण्ट बैंक लि. र मेगा बैंक लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋणीहरुलाई कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस)** दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारबाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीहरुको विवरण | ऋणीहरुको विववरण |
|---|---|
| १) **ऋणी : सुनिल खत्री** (ना.प्र.नं.२९१७५७१, मिति २०५४/११/२० मा जि.प्र.का. भक्तपुरबाट जारी भएको), ठेगाना : बालकोट ०५, भक्तपुर बाबु : बैकुण्ठ खत्री, बाजे : कृष्ण बहादुर खत्री | २) **ऋणी : रोहित लामा** (ना.प्र.नं.३२२०७९/५५६२, मिति २०६८/०१/२१ मा जि.प्र.का. रौतहटबाट जारी भएको), ठेगाना : जुडिबेला ०९, रौतहट बाबु : रबिन्द्र लामा, बाजे : बल बहादुर लामा |
| ३) **ऋणी : पुरुषोत्तम बानिया** (ना.प्र.नं.०१/४५१६ मिति २०६३/०६/२९ मा जि.प्र.का.झापाबाट जारी भएको), ठेगाना : मेचि न.पा. ०५, झापा बाबु : सुर्य बहादुर बानिया, बाजे : भिम बहादुर बानिया | ४) **ऋणी : विनोद गोर्खाली** (ना.प्र.नं.४३५९, मिति २०४६/०८/२२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : नयाँबजार १६ काठमाडौं बाबु : गोबिन्द बहादुर गोर्खाली, बाजे : कृष्ण बहादुर गोर्खाली |
| ५) **ऋणी : सुरज तामाङ्ग** (ना.प्र.नं.२५/०१/७०/०९८३५ मिति २०७१/०३/२७ मा जि.प्र.का.नुवाकोटबाट जारी भएको), ठेगाना : भाल्चे ०८, नुवाकोट बाबु : लाइरुङ तामाङ्ग, बाजे : नोंबुरुङ तामाङ्ग | ६) **ऋणी : सुरेन काजी गुरुङ्ग** (ना.प्र.नं. ६४९५६, मिति २०५८/०८/१७ मा जि.प्र.का.स्याङ्जाबाट जारी भएको), ठेगाना : फेदिखोला ०२, स्याङ्जा बाबु : नर काजी गुरुङ्ग, बाजे : धन काजी गुरुङ्ग |
| ७) **ऋणी : मनिक शाही** (ना.प्र.नं. २७१०६०/ ६२९०७, मिति २०६७/०५/१७ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), ठेगाना : का.म.न.पा ३०, असन काठमाडौं बाबु : महेन्द्र शाही, बाजे : हिरा शाही | ८) **ऋणी : रविन धरेल** (ना.प्र.नं.१३३३५/०५९, मिति २०५९/०७/०३ मा जि.प्र.का. चितवनबाट जारी भएको), ठेगाना : भरतपुर १० चितवन बाबु : रामहरी धरेल, बाजे : झमनाथ धरेल |

# क्यान्सरपीडित गंगालाई कतारबाट थप आर्थिक सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, २ मंसिर

पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका वडा नम्बर ७ धाइरिङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि कतारबाट थप सहयोग प्राप्त भएको छ। कतारमा रहेका पर्वतेहरूको साझा सामाजिक संस्था पर्वत समाज कतार मातहत रहेका पर्वत समाज कतार बहुउद्देश्यीय अक्षयकोष र पर्वत जलजला समाज इकाइ कतारले दश-दश हजारका दरले २० हजार रुपैयाँ बिरामी गंगालाई सहयोग गरेका हुन्।

शनिबार जलजला गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष एकिन्द्र खत्री र वडा नम्बर ४ का वडाध्यक्ष भरत क्षेत्रीसहितका अन्य व्यक्तिहरू बिरामीको घरमा पुगेर उक्त रकम सहयोगस्वरूप हस्तान्तरण गरेका हुन्।

पर्वत समाज कतारका अध्यक्ष रघुनाथ शर्माले प्रवासबाट बिरामीको उपचारमा सघाउन पाउँदा आफूहरूलाई खुसी लागेको बताए। उनले कोषका अध्यक्ष नन्दलाल बिक (अजय) र इकाइका अध्यक्ष देभाराज कार्कीले मानवीय सेवाका लागि खेलेको भूमिकाको प्रशंसा गरे। आफूलाई सहयोग गर्ने सबैलाई बिरामी गंगाले आभार व्यक्त गरिन् भने वडाध्यक्षद्वयले कतारमा रहेका पर्वतेहरूको मानवीय कार्यको प्रशंसा गर्दै बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गरेका थिए।

त्यस्तै कतारमा रहेको नेपाली महिला समाज कतारले १५ हजार रुपैयाँ, श्री सद्भाव युवा समाज कतारले १७ हजार ५ सय ४० रुपैयाँ र संघीय लिम्बूवान सामाजिक मञ्च (सलिसाम) कतारले ३ हजार रुपैयाँ सहयोग गरिसकेको छ। कतारमा रहेर सामुदायिक पत्रकारिता गरिरहेका मध्यान्हकर्मीको रोहबरमा समेत गंगाको उपचारका लागि आर्थिक सहयोग संकलन भइरहेको छ।

हाल बीपी कोइराला क्यान्सर अस्पतालमा उपचार गराइरहेकी दमाईको उपचारमा ठूलो रकम लाग्ने र आर्थिक अवस्था कमजोर भएका कारण परिवारले सहयोगको अपिल गरेको थियो। बिरामीलाई सहयोग गर्न चाहनेले बिरामीको छोरी अनिता दर्जीको एनएमबि बैंकको खाता नम्बर १२१०२००९४१७००१२ वा राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर ३५००१००००००४१२०३ मा सहयोग गर्न सकिने व्यवस्था गरिएको छ।

# घौवा महिला सामुदायिक वनको साधारणसभा सम्पन्न

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ मंसिर

अर्घाखाँचीको शीतगंगा नगरपालिका-११ मा रहेको घौवा महिला सामुदायिक वन उपभोक्ता समूहको १३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

कार्यक्रमम सामुदायिक वनका अध्यक्ष टीकाराम भट्टराईले वातावरण मैत्री उद्यान, सिमसार संरक्षणसँगै वन संरक्षणमा जुटिरहेको जानकारी दिए।

सामुदायिक वनले डाँडाहरूमा वृक्षरोपण, भू-क्षय न्यूनीकरण, वन अतिक्रमणको न्यूनीकरण, वन्यजन्तुको संरक्षण र जैविक विविधताको संरक्षण गर्दै आइरहेको बताए। सामुदायिक वन उपभोक्ता समूहका सचिव शारदा पल्लिले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै वनबाट प्राप्त हुने वन पैदावारको न्यायोचित वितरण, वन स्रोतबाट प्राप्त आम्दानी समूहको कार्यक्षेत्रमा रहेका उपभोक्ताको जीवनस्तरमा सुधार ल्याउन जीविकोपार्जनका कार्यक्रम सञ्चालन, वन संरक्षण र सम्वर्द्धनका लागि उपभोक्तासँग सहकार्य गर्दै विभिन्न कार्यक्रम गरिरहेको जानकारी दिइन।




वन संरक्षण। सम्वर्द्धन तथा वन विकास कार्यक्रमतर्फ ७, संस्थागत विकासतर्फ ९, गरिब विपन्न जीविकोपार्जन सुधार कार्यक्रमतर्फ ४, वन पैदावर सदुपयोगतर्फ ६ र सामाजिक विकासका ५ वट कार्यक्रम गर्न लागिएको त्यस अवसरमा उनले जानकारी दिइन् र

यस्तै, संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै कोषाध्यक्ष अनिता नेपालीले ५२ लाख रुपैयाँको बजेट साधारण सभामा पेश गरिन्। चालु आर्थिक वर्ष २०८१/०८२ का लागि १ करोड ३४ लाख रुपैयाँ बराबरको वार्षिक कार्यक्रम उनले प्रस्तावित वजेट पेश गरिन्।

लेखा समितिको प्रतिवेदन लेखा तथा सुपरीवेक्षक समितिका संयोजक मानबहादुर पल्लिले प्रस्तुत गरेका थिए। प्रमुख अतिथि शीतगङ्गा नगरपालिका-११ का अध्यक्ष नवराज भुसालले वन जोगाउन घौवा महिला सामुदायिक वनले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै सबैको सक्रियताले मात्रै वन सरक्षण सम्भव भएको बताए। बुद्धभूमि नगरपालिका-३ का वडाअध्यक्ष गोविन्दप्रसाद आचार्यले घौवा महिला सामुदायिक वनका उपभोक्ताहरूले वन सरक्षणमा निर्वाह गरेको भूमिका उल्लेखनीय भएको बताए।

HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले १५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1010002549 | SURINA SHAKYA | LALITPUR-10 LALITPUR |
| 2 | PLI1010001375 | MANOJ KUMAR BUDHATHOKI | SAKHUWA-3 DHANUSA |
| 3 | ULI3010000404 | AJESH ADHIKARI | BIRATNAGAR-06 MORANG |

**नाम र थर फरक परेको सार्वजनिक सूचना**

गोरखा जिल्ला, शहिद लखन गाउँपालिका वडा नं. २ बस्ने भारतीय भू.पू. सैनिक नं. 5750376 Y का CHET BAHADUR THAPA (ना.प्र.प. मा चेत बहादुर थापा) को छोरीको जि.प्र.का. गोरखाबाट जारी भएको ना.प्र.प.मा भएका नामथर **बबिता थापा** भएको र निजको भारतीय सेवा अभिलेखमा भएको छोरीको नामथर YASUDHA THAPA भई फरक परे तापनि यी दुवै नामथर भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको *शहिद लखन गाउँपालिका २ नं. वडा कार्यालय*को च.नं. ३०५, मिति २०८१।०७।२८ गतेको सिफारिस पत्र र *जिल्ला प्रशासन कार्यालय गोरखा*को प.सं. २०८१/०८२, च.नं. १०५५ र मिति २०८१।०७।२९ को पत्रअनुसार निज नामथर फरक-फरक भएको व्यक्ति एकै भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

Congratulations !
Society Of Consulting Architectural and Engineering Firms
SCAEF, Nepal
39th SCAEF Day

| | |
|---|---|
| **Grid Consult Pvt. Ltd.** Ghattekulo,Kathmandu Ph.: 01-4771633 Mob.: 9851126782, 9851125412 | **Machhapuchchhre Consultancy Pvt. Ltd.** Pokhara-9 Mob,.: 9856044903 |
| **ADMC Engineering Pvt. Ltd.** MinBhawan, Nayabaneshwor, Kathmandu Ph.: 01-4792350 | **Hydro Consult Engineering** Buddhanagar, Kathmandu-2 Ph.: 01-4782507, Mob.: 9851044881 |
| **RADIANT Consulting Consortium Pvt. Ltd.** Chakupat, Lalitpur Mob.: 9851003533 | **Vastumandap Consultancy Pvt. Ltd.** Naya Bazar, Kathmandu Ph.: 01-4388559, 4353458 Mob.: 9851219360, 9851065166 |
| **Resilience Construction Development Pvt. Ltd.** Baneshwor, Kathmandu Mob.: 9849628876 | **Wekreate International Pvt. Ltd.** Gaushala-9, Kathmandu Ph.: 01-4487528, Mob.: 9841796770 |
| **One Line Architects Pvt. Ltd.** Jawalakhel, Lalitpur Mob.: 9851223595 | **Pace Consultant Pvt. Ltd.** Maharajgunj, Kathmandu Mob.: 9851064130 |
| **Subway Nepal Engineering Consultant Pvt. Ltd.** Kupondole, Lalitpur Mob.: 9851138619 | **Institute for Professional Training & Management Nepal** Bagikhana Road, Putalisadak, Kathmandu Mob.: 9851026961, 9841531682 |

# इट्टा भट्टामा काम गर्ने बालश्रमिकको अनुगमन



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २ मंसिर

रौतहटको गुजरा नगरपालिकाले इट्टा भट्टाहरूमा काम गर्ने बालश्रमिकहरूको अनुगमन गरेको छ।

नगरपालिकामा संचालित बालश्रम न्यूनीकरण परियोजनाले इट्टा भट्टाहरूको अनुगमन गरेको हो। ग्रामीण विकास केन्द्र नेपाल, केएनएच, किनडर नट हेल्पको आर्थिक सहयोग र गुजरा नगरपालिकाको समन्वयमा परियोजना संचालित रहेको परियोजना संयोजक शेष असंदले जानकारी दिए।

परियोजनाले बालश्रम न्यूनीकरणका लागि कार्यविधि बनाउने बनाउनेदेखि लिएर सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने काम गर्छ।

नगरपालिकाकी उपप्रमुख रत्ना लामाको नेतृत्वमा अनुगमन टोली इट्टा भट्टाहरू पुगेको थियो। नगरपालिका भित्र रहेको रामजनकी इट्टा उद्योग, रोयल इट्टा उद्योग लगायत दर्जनौं इट्टा भट्टाहरूमा अनुगमन गरेको छ।

अनुगमनको क्रममा सर्लाही, मकवानपुरलगायतका जिल्लाहरूबाट परिवारै सहित इट्टा भट्टाहरूमा काम गर्न आउने गरेको पाइएको छ। जसमा ५ वर्षदेखि १५ वर्ष मुनिका बालबालिकासँगै आउने गरेको र बालश्रम पाइएको छ।

बाल श्रमिकहरूको पढाईलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारेमा अनुगमनको क्रममा विचार विमर्श गरिएको छ। अनुगमन पछि त्रैमासिक रूपमा अनुगमन गर्ने, बालबालिकाहरू विद्यालय गए/नगएको सुनिश्चित गर्ने जस्ता सुझाव आएको छ।

**त्रियुगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मितिः २०८१/०८/०३

यस त्रियुगा नगरपालिकाको कार्यालयबाट प्रकाशित ठेक्काहरूको निर्धारित समयभित्र रितपूर्वक रूपमा पेश भएका बोलपत्रहरू मध्ये कार्यालयको निर्णयानुसार निम्न बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र न्यूनतम र शारभूत रूपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|
| TM-UDA-NCB-WORKS-01/2081-082 | Sagarmatha Raudidas Marga Hudai Raudidas Mandir ko Paschim Uttar Gate Samma ko Sadak Purwadhar Bikash Abam Staronnati, Tri.Na.Pa-12, Udayapur. | Bhisma Nirman Sewa Triyuga-02, Udyapur | 34,03,242.00\|- |
| TM-UDA-NCB-WORKS-02/2081-082 | Gaighat Bokse Karamgachhi Babri Beldoban Ranibash Rauta Pokhari Sadak Nirman, Tri.Na.Pa-10, Udayapur. | Sunkoshi Nirman Sewa Gaighat Udayapur | 86,89,496.00\|- |

प्रमुख प्रशासकीय अधिकृत

**दार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फाल्लाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/०८/०३)

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८१/०८२ स्वीकृत कार्यक्रम बमोजिम २०८१/०६/११ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय बमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोलि मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक रु (मु.अ.क. र पि.एस. वाहेक) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/W/B/01/081/082 | Construction of Balgyanoday B.S. Building, Darma, 01, Salyan | Aditya nirman sewa, Nepalgumj, 12, Banke | ५७,४०,११०.१० |

नि. प्रमुख प्रशासकीय अधिकृत

**सुपरमाई हाईड्रोपावर लिमिटेड**
रजिष्टर्ड कार्यालयः का.जि.का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं, फोन नः ०१-४४४११३७
Email:supermaihydropower@gmail.com, web: https://supermaihydropower.com.np

**दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१ मसिंर ०३ (November 18, 2024)

आदरणीय श्री शेयरधनी महानुभावहरु,
सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०८१/०८/०२ मा बसेको संचालक समितिको १११ औं बैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको दशौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरीएको छ।

**दशौं बार्षिक साधारण सभा हुने मिति, स्थान र समय**
मिति : २०८१/०८/२८ गते (तदनुसार December 13, 2024), शुक्रबार।
स्थान : लिसरा रिसेप्सन्स् प्रा.लि.-नक्साल काठमाडौं। (Lisara Receptions Private Limited, Naxal Kathamndu)
समय : दिनको ४:०० बजे

**दशौं बार्षिक साधारण सभामा छलफलका विषयहरु**
१. सामान्य प्रस्तावः
१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.२ आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०८१।८२ को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। **(श्री सुजन एश एण्ड एशोशिएट्स् चार्टड एकाउण्टेन्टस्लाई योग्य देखिएकोले साबिक कै पारिश्रमिकमा लेखापरीक्षण गर्न सिफारिश गरिएको)**
१.४ संचालक समितिले सिफारिश गरे बमोजिम आ.ब. २०८०/८१ सम्मको संचित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ५.६३१ प्रतिसतले हुने रकम रु २,८१,५७,८९४।७३ (अक्षरुपी : दुई करोड एकासी लाख सन्ताउन्न हजार आठ सय चौरानब्बे पैसा त्रिहत्तर मात्र कर प्रयोजन सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
२. बिशेष प्रस्ताव :
२.१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पुँजीको ७ प्रतिशत अर्थात ३,५०,००० कित्ता शेयर प्रति कित्ता रु १०० का दरले हुने कुल रु ३,५०,००,०००।- (अक्षरुपी : रु तीन करोड पचास लाख) बोनश शेयर बितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
२.२. प्रबन्धपत्रको दफा ६(क) (ख) (ग) शंशोधन गर्ने सम्बन्धमा।
३. विविध :
३.१ नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा शंशोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक शंशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**
१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पेश गरिसक्नु पर्नेछ। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ।
२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले परिचय खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रबेश गर्न पाईने छ। हाजिरी पुस्तिका दिनको ०४ बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहने छ।
३. दशौं बार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१/०८/१७ गते एक दिनको लागि शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ। मिति २०८१/०८/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार श्री RBB Merchant Banking Limited मा प्राप्त शेयर नामसारी, दाखिल खारेजीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन्।
४. सभा सम्बन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय काठमाडौं फोन नं ०१-४४४११३७ वा मोबाईल नम्बर ९८५१३२२७९२ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।
५. संचालक समितिको प्रतिबेदन लगाएतका बित्तीय बिबरणहरु कम्पनीका केन्द्रिय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ। यस सम्बन्धमा कम्पनीको website : www.supermaihydropower.com.np मा पनि हेर्न सक्नुहुनेछ।
६. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

# भारतद्वारा हाइपरसोनिक मिसाइल प्रक्षेपण

काठमाडौं/एजेन्सी- भारतले आफ्नो पहिलो हाइपरसोनिक क्षेप्यास्त्रको परीक्षण गरेको छ। चीनले आफ्नो नवीनतम सैन्य उड्डयन शक्ति प्रदर्शन गरेको केही दिनपछि उच्च प्रविधियुक्त शक्तिशाली हतियारको प्रचार गर्दै भारतका रक्षामन्त्री राजनाथ सिंहले आइतबार यस सफलताका लागि योगदान पुऱ्याउने भारतीय टोलीको उच्च प्रशंसा गरेका छन् ।

हाइपरसोनिक्स प्रविधि मिसाइल प्रविधिको नयाँ आविस्कार हो । तिनीहरू ब्यालिस्टिक मिसाइलभन्दा कम उड्छन्, तर पत्ता लगाउन गाह्रो हुन्छ । हाइपरसोनिक्स मिसाइल लक्ष्यहरूमा छिटो पुग्न सक्दछन् र मध्य-उडानमा लक्ष्य परिवर्तन गर्न आदेश दिन पनि सकिन्छ ।

संयुक्त राज्य अमेरिका, रुस, चीन र उत्तर कोरियाले हाइपरसोनिक क्षेप्यास्त्रको



परीक्षण गरिसकेका छन् । भारतीय रक्षामन्त्री राजनाथ सिंहले लामो दुरीको हाइपरसोनिक क्षेप्यास्त्रको सफल परीक्षण गरेर भारतले ठूलो उपलब्धि हासिल गरेको बताएका छन् ।

चीनले 'जे-३५ए स्टेल्थ फाइटर जेट' र 'अट्याक ड्रोन' प्रदर्शन गरेर ' एयर शोमा' आफ्नो विस्तारित उड्डयन क्षमता प्रदर्शन गरेको केही दिनपछि यो परीक्षण उडान भएको हो । चीनका अनुसार यसमा ब्यालेस्टिक क्षेप्यास्त्र र हाइपरसोनिक ग्लाइड मिसाइललाई रोक्न बनाइएको 'हेडक्वार्टर-१९' सतहबाट हावामा मार हान्न सक्ने क्षेप्यास्त्र प्रणालीको सुरुवात पनि समावेश छ ।

